का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ फागुन २०८१,
शनिबार
15 February, 2025
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# किर्ते गर्दै जागिर खाँदै




नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र देखाएर सार्वजनिक नियुक्ति/जिम्मेवारी लिने र राष्ट्र सेवक हुने संख्या बढ्दो रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै औंल्याएको छ । प्रतिवेदनअनुसार उजुरी र मुद्दा दायर दुवैको संख्या बढ्दो छ

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

रामकृष्ण भट्टराई श्रीलंकाका लागि राजदूतमा प्रस्तावित भए । तर, संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएनन् । कारण- आवश्यक शैक्षिक योग्यतासम्बन्धी कागजातको सक्कल माग गर्दा उपलब्ध गराउन सकेनन् ।

प्रश्न उठेपछि सुनुवाइका क्रममा सांसदले भट्टराईलाई सक्कल शैक्षिक प्रमाणपत्र बुझाउन भनेका थिए । स्नातक तह उत्तीर्ण गरेको बताएका उनले बायोडाटामा पनि यही लेखेका थिए ।

शैक्षिक योग्यताको प्रमाणपत्र सार्वजनिक नै नभएकाले त्यसबारे यकिन भन्न सकिन्नँ । कुनै सरकारी निकायबाट अनुसन्धान पनि भएको छैन । तर, शैक्षिक योग्यता देखाउन नसकेपछि आफैं नाम फिर्ता लिए । कतिपय सांसदले भट्टराईको शैक्षिक योग्यतामा प्रश्न उठाए ।

यो एउटा उदाहरण मात्र हो । नेपालमा नक्कली शैक्षिक योग्यताका आधारमा आफूलाई विज्ञ भन्ने र सरकारी नियुक्ति, संवैधानिक नियुक्ति र सरकारी जागिर खाने क्रम बढ्दो रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नै देखाएको छ ।

हालै सार्वजनिक वार्षिक प्रतिवेदनअनुसार नक्कली शैक्षिक योग्यताको उजुरीले अख्तियार हैरान छ । प्रत्येक वर्ष नक्कली शैक्षिक प्रमाणपत्रको विषयमा उजुरी बढ्दो छ । आएका उजुरीमध्ये आयोगले अनुसन्धान गर्दा नक्कली शैक्षिक योग्यताको प्रयोग गरेको आरोपमा मुद्दा दर्ताको संख्या पनि बढ्दो छ ।

गत आर्थिक वर्षमा आयोगले २०१ वटा मुद्दा दायर गरेको थियो । तीमध्ये झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी ३४ वटा मुद्दा छन् । यी सबै मुद्दा विशेष अदालतमा दायर गरिएका हुन् ।

**नक्कली शैक्षिक योग्यताको मुद्दा दायर प्रकृति**

| | |
|---|---|
| २०७७/०७८ | ३ |
| २०७८/०७९ | ६ |
| २०७९/०८० | ८ |
| २०८०/०८१ | ३४ |

विभिन्न सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत कर्मचारी तथा अधिकारीहरूले अनुचित लाभ लिने उद्देश्यले नियुक्ति र बढुवाका लागि पेस गरेका शैक्षिक योग्यताका प्रमाणपत्रहरूका सम्बन्धमा अख्तियारले १ वर्षमा ३४ वटा मुद्दा दर्ता गरेको हो ।

'अनुसन्धान हुँदा झुटा प्रमाणपत्र पेस गरेको तथ्य प्रमाणित हुन आई साविक भ्रष्टाचार निवारण ऐन र प्रचलित भ्रष्टाचार निवारण ऐनद्वारा परिभाषित कसुर गरेको देखिएकाले', गत आर्थिक वर्षमा ३४ वटा मुद्दा दायर गरिएको अख्तियारको प्रतिवेदनमा छ ।

यस्तो संख्या आर्थिक वर्ष २०७७/०७८ मा जम्मा ३ थियो । अर्थात्, २०७७ सालमा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेर सरकारी जिम्मेवारी लिएकाहरूविरुद्ध अख्तियारले जम्मा ३ वटा मुद्दा दायर गरेको थियो । २०७८ सालमा ६ वटा, २०७९ सालमा ८ वटा मुद्दा दर्ता गरेको थियो । २०८० सालमा ३४ वटा मुद्दा दर्ता गरेको हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१)मा कुनै व्यक्तिले राष्ट्र सेवकको ओहदा पाउँदाको शर्तसम्बन्धी व्यवस्था छ । यस्तो ओहदामा बहाल रहने वा कुनै हैसियत, लाभ वा सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना, नागरिकता वा योग्यता वा अन्य कुनै कुराको झुटा विवरण दिए वा झुटा प्रमाणपत्र पेस गरे कारबाही हुन्छ ।

यस्तो व्यक्तिलाई कसुरको मात्राअनुसार ६ महिनादेखि १ वर्षसम्म कैद र १० हजार रुपैयाँदेखि २० हजार रुपैयाँसम्म जरिमाना हुने व्यवस्था छ। पृष्ठ २ मा

# आमनिर्वाचनपछि महाधिवेशन गर्ने देउवा रणनीति



महाधिवेशन र आमनिर्वाचन नजिक भयो भने समस्या हुन्छ भन्ने कुरा उठेको छ । ४ वर्षमा महाधिवेशन हुने सम्भावना छैन । हामीले तयारी गर्न खोज्दाखोज्दै सकेनौं ।

**डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



हामीले अझै पनि तयारी गर्दा २०८२ भित्र महाधिवेशन गर्न सक्ने समय छ । तर, सभापतिले आफ्ना गुटका नेताहरूलाई मात्र बोलाएर पार्टीमाथि वैधानिक र संवैधानिक प्रश्न उठ्नेगरी छलफल गर्नु उचित होइन ।

**जीवन परियार**
सहमहामन्त्री, नेपाली कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित संस्थापन पक्षका नेताहरू पार्टीको महाधिवेशन आगामी आमनिर्वाचनपछि धकेल्ने रणनीतिमा लागेका छन् । सभापति देउवाले १४औं महाधिवेशनसम्म आफ्नो पक्षमा रहेका पूर्वपदाधिकारीहरूलाई शुक्रबार निजी निवास बूढानीलकण्ठ बोलाएर यो विषयमा छलफल चलाएका हुन् ।

छलफलमा पार्टीको महाधिवेशनदेखि नेताहरूले टिम परिवर्तन गर्न लागेको विषयले समेत प्रवेश पाएको छ । समयमै १५औं महाधिवेशन हुनुपर्ने मुद्दा बोकेर संस्थापनइतर (शेखर) पक्षका नेताहरूले दबाबमूलक कार्यक्रमहरू गरिरहँदा सभापति देउवाले भने महाधिवेशन आमनिर्वाचनपछि सार्ने बहस चलाएका हुन् ।

नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सभापति निवास बूढानीलकण्ठमा भएको छलफलमा पार्टीको १५औं महाधिवेशन २०८२ मंसिरसम्म हुन नसक्ने निष्कर्ष निकालेको बताए । 'सभापतिले पार्टीका पूर्वपदाधिकारीहरूसँग छलफल गर्नुभयो', उनले मध्यान्हसँग भने, 'छलफलमा पृष्ठ २ मा

## समूह जोगाउन चुनौती

गत महाधिवेशनसम्म आफूलाई नजिकबाट सहयोग गर्ने नेताहरू ध्रुवीकरण हुन थालेपछि समूह जोगाउन चुनौती देखेका सभापति देउवाले नेताहरूलाई घरमै बोलाएर आशय बुझेका हुन् । समयमै महाधिवेशन भए अर्को समूहमा जान खुट्टा उचाल्न थालेका उनी निकटका नेताहरू समेत महाधिवेशन सारेर आगामी चुनावको टिकट देउवाले नै वितरण गर्ने संकेत गरेपछि आफ्नो समूह छाड्ने सम्भावना कम हुने संस्थापन पक्षको बुझाइ छ ।

आफ्नो समूहका नेताहरूलाई टिमबाट बाहिर जान नदिने र महाधिवेशन सार्ने रणनीति बनाउँनकै लागि सभापति देउवाले आफू निकटस्थ रहेका तर शेखर पक्षतिर ढल्कन थालेका नेताहरूलाई बोलाएको देउवा निकटका एक केन्द्रीय सदस्यले बताए । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# साधारणसभाको माग गर्दै ८ संस्था पुगे सीडीओ कार्यालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ फागुन ।

तत्काल नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा हुनुपर्ने माग गर्दै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनसहित वैदेशिक रोजगार क्षेत्रका ८ संस्थाले काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीको ध्यानाकर्षण गराएका छन् ।

संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटको नेतृत्वमा संघका पूर्वअध्यक्ष हंशराज वाग्लेसहित एसोसिएसन, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था नेपाल, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति, नेपाल वैदेशिक रोजगार तमुधी समाज, नेपाल वैदेशिक रोजगार तामाङ समाज, तराई वैदेशिक रोजगार व्यवसायी समाज, नेपाल वैदेशिक रोजगार व्यवसायी मगर समाजका अध्यक्ष तथा महासचिवको प्रतिनिधित्व रहेको टोलीले शुक्रबार काठमाडौंका प्रमुख जिल्ला अधिकारी तिवारीलाई भेटेको हो ।

भेटमा शुक्रबारदेखि नै संघको वर्तमान कार्यसमितिको कार्यकाल सकिएको र कार्यसमिति आफैंले आफ्नो कार्यकाल थप गर्न नसक्ने भएकाले नयाँ कार्यसमितिको निर्वाचन गराउन संघ कार्यसमितिलाई निर्देशन गरिनुपर्ने विषयमा ध्यानाकर्षण गराएको भेटमा सहभागी एसोसिएसनका महासचिव महेशकुमार बस्नेतले बताए ।

२ फागुनका लागि पूर्वनिर्धारित निर्वाचन १७ असारका लागि सार्ने निर्णय संघको विधानविपरीत रहेको भन्ने विषयमा प्रतिनिधिमण्डलको जोड रहेको बताइएको छ ।

मध्यान्ह दैनिकसँगको कुराकानीमा प्रमुख जिल्ला अधिकारी तिवारीले संघका पूर्वअध्यक्षसहितको व्यवसायीको टोलीले राखेका विषयमा आफ्नो ध्यानाकर्षण भएको भन्दै दुवै पक्षलाई तनाव सिर्जना नहुनेगरी अघि बढ्न आग्रह गरेको बताए । आफूले परिस्थितिको मूल्यांकन गरिरहेको भन्दै प्रमुख जिल्ला अधिकारी तिवारीले मिति वा समय तोकेर कसैलाई केही निर्देशन भने नदिएको बताए । संघको वर्तमान कार्यसमितिले व्यवसायीको इजाजत नवीकरणका लागि बाधक रहेको सय संख्या समस्याको यथाशक्य छिटो समाधान, वैदेशिक पृष्ठ २ मा

## परराष्ट्रमन्त्री राणा ओमान प्रस्थान

**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा ओमानका विदेशमन्त्री सायद बद्र बिन हमाद बिन हमुद अल बुसैदीको निमन्त्रणामा ओमान भ्रमणका लागि त्यसतर्फ प्रस्थान गरेकी छन् । एक साता लामो भ्रमणका लागि ४ सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी शुक्रबार बिहान त्यसतर्फ प्रस्थान गरेकी मन्त्रालयले जनाएको छ ।

भ्रमणको क्रममा मन्त्री डा. राणाले 'समुद्री साझेदारीको नयाँ क्षितिजतर्फको यात्रा' भन्ने नाराका साथ ओमानको राजधानी मस्कटमा आयोजना हुने 'आठौं हिन्द महासागर सम्मेलन'मा भाग लिई 'विश्वको दक्षिणी भेगको आवाजलाई बुलन्द पार्ने' शीर्षकमा सम्मेलनको पूर्ण सत्रलाई सम्बोधन गर्ने मन्त्रालयका प्रवक्ता कृष्णप्रसाद ढकालले जानकारी दिए ।

साथै, उनले ओमानका विदेशमन्त्री, ऊर्जा पृष्ठ २ मा

## यूएईबाट पनि श्रम स्वीकृति



**काठमाडौं/मस-** सरकारले संयुक्त अरब इमिरेट्स (यूएई)बाट पनि श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाएको छ । बिहीबार दुबईमा आयोजित एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले उक्त सेवाको शुभारम्भ गरे ।

अबुधाबीस्थित नेपाली राजदूतावासका अनुसार मन्त्री भण्डारीले नेपाल सरकारले वैदेशिक रोजगारीमा गएका श्रमिकहरूको हित र सुविधालाई ध्यानमा राखी राज्यले प्रदान गर्ने सेवा, सुविधाहरूलाई सहज, सरल र प्रविधिमैत्री बनाउँदै लैजाने बताए ।

उनले सम्बन्धित राजदूतावासहरूबाटै श्रम स्वीकृति उपलब्ध गराउने व्यवस्थाले नेपाली श्रमिकहरू लाभान्वित हुने, नेपालमा गइरहनुपर्ने झन्झटबाट मुक्त हुने तथा आफ्नो पेसा र व्यवसायलाई निरन्तरता दिन सहज हुने बताए ।

मन्त्री भण्डारीले यो सेवा क्रमैसँग अन्य दूतावासहरूबाट पनि प्रवाह हुने बताउँदै देशको ठूलो युवाशक्ति वैदेशिक रोजगारीमा रहेको, विप्रेषणको मुख्य स्रोत वैदेशिक रोजगारी भएको परिप्रेक्ष्यमा सरकारले नेपाली श्रमिकको हक, पृष्ठ २ मा

**प्रहरी विधेयक**

# विरोधमा पूर्वआईजीपीहरू



**निमिष झा/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

सरकारले संसद्मा दर्ता गरेको नेपाल प्रहरी विधेयकमा चरम असन्तुष्टि उत्पन्न भएको छ । प्रहरीसम्बन्धी कानुन बनाउने सन्दर्भमा सरकारले 'चेन अफ कमान्ड' भत्काउनेगरी राखेको प्रावधानको विषयमा प्रहरी संगठनभित्र र बाहिर असन्तुष्टि उत्पन्न भएको हो ।

विधेयकप्रति नेपाल प्रहरीका माथिल्लो तहदेखि तल्लो तहसम्म असन्तुष्टि देखिएको छ। असन्तुष्टि बहालवाला प्रहरीमा मात्र होइन, अवकाशप्राप्त प्रहरीमा समेत देखिएको छ ।

नेपाल प्रहरीका अवकाशप्राप्त ७ प्रहरी महानिरीक्षक (आईजीपी)हरूले प्रहरी संगठनलाई नै अस्तव्यस्त बनाउनेगरी कानुन संशोधन तथा एकीकरण गर्न बनेको विधेयकप्रति प्रधानमन्त्रीसमक्ष आपत्ति जनाएका छन् ।



गृह मन्त्रालयको शाखा अधिकृतसम्मले प्रहरी संगठनको हुर्मत लिने स्थिति आउन सक्ने भयो

**ओमविक्रम राणा,**
पूर्वआईजीपी

प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरी उनीहरूले प्रहरी संगठनको संवेदनशीलतालाई विधेयकले नजरअन्दाज गरेको र त्यही रूपमा जारी भए शान्ति सुरक्षाको अवस्था चुनौतीपूर्ण बन्ने चेतावनी दिए ।

गृह मन्त्रालयले 'नेपाल प्रहरीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१' र 'सशस्त्र प्रहरी बल, नेपालसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१' १५ माघमा संसद् सचिवालयमा दर्ता गरेको थियो । त्यसलगत्तै प्रहरी संगठनमा असन्तुष्टि चुलिएको छ।

गत १० असोजमा सर्वोच्च अदालतले प्रहरीको नियुक्ति, भर्ना, अवकाशलगायतका विषयमा यही आर्थिक वर्षभित्र ऐनमा समावेश गर्नेगरी व्यवस्था गर्न आदेश दिएपछि गृहमन्त्री रमेश लेखकले प्रहरीको नयाँ ऐनसम्बन्धी विधेयक संसद्मा दर्ता गराएका थिए । पृष्ठ २ मा

# मझगाउँ विमानस्थलको निर्माण अघि बढाइने

**काठमाडौं/मस-** कञ्चनपुरको महेन्द्रनगरस्थित मझगाउँ विमानस्थलको रोकिएको निर्माण कार्य अघि बढ्ने भएको छ । गृहमन्त्री रमेश लेखकको पहलमा शुक्रबार गृह मन्त्रालयमा भएको सम्बद्ध निकायका मन्त्री, सचिव र प्रधानसेनापतिसहितको उच्च स्तरीय बैठकबाट मझगाउँ विमानस्थलको निर्माण कार्य अघि बढाउने सहमति भएको हो ।



बैठकमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएको नेपाली सेनाको नाममा रहेको ६ बिघा विमानस्थल निर्माणका लागि उपयोग गर्ने दिन, सेनाको फुटबल मैदान र सो स्थानमा रहेका सैनिक आवासीय भवन निकुञ्ज क्षेत्रमै बनाइने विषयमा सहमतिपछि लामो समयदेखि असहमति देखिएको विमानस्थल निर्माणको विषय सुल्झिएको हो ।

बैठकमा मन्त्री लेखकले लामो समयदेखि विमानस्थल निर्माणको विषय थाती रहेको र सुल्झाउन आग्रह गरेका थिए । वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी, रक्षामन्त्री मानवीर राई, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे, उर्जा, जलस्रोत तथा सिंचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङ, नेपाली सेनाका प्रधानसेनापति महारथी अशोकराज सिग्देल र नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीलगायत मन्त्रालयका सचिवहरूले आ-आफ्नो धारणा राखेका थिए ।

२०७८ माघमा विमानस्थल पुर्ननिर्माणका लागि ठेक्का भएको थियो भने हाल १ हजार ३ सय मिटर विमानस्थलको रन्वे कालोपत्रे हुने चरणमा पुगिसकेको छ । विमानस्थल विस्तारका क्रममा विमानस्थलको दक्षिणतर्फ सेनाको ६ बिघा जग्गा विमानस्थलले लिने विषयमा यसअघि सहमति हुन नसक्दा निर्माण प्रभावित हुँदै आएको थियो ।

बैठकमा सम्बद्ध सबै निकाय सम्मिलित टिम महेन्द्रनगर पठाउनुका साथै रन्वे निर्माणको काम तत्काल सुरु गर्ने सहमति भएको गृहमन्त्री लेखकले जानकारी दिए । 'यसअघि पनि छुट्टा/छुट्टै धेरै चरणमा सहमति र निकासका लागि छलफल भए तर निकास निस्केको थिएन,' उनले भने ।

विमानस्थल निर्माणका क्रममा वन क्षेत्रको पर्ने जग्गाको वातावरणीय प्रभाव मूल्यांकन पनि सँगै गर्दै जाने विषयमा सहमति भएको छ ।

बैठकमा सहभागीहरूले विमानस्थल निर्माणका लागि अवरोध हटाएर अघि बढ्ने विषयमा सकारात्मक हुनुपर्नेमा जोड दिएका थिए ।

प्रधानसेनापति सिग्देलले सेनाको जग्गा विमानस्थल निर्माणमा पर्दा कुनै असहमति नरहेको र सो क्रममा मिचिने फुटबल मैदान निकुञ्ज क्षेत्रकै खाली जमिनमा बनाउन पाउनुपर्ने र आवास निर्माणमा जोड दिएका थिए ।

सेनाले राखेको मागका विषयमा सम्बद्ध मन्त्रालयका मन्त्री र पदाधिकारीहरूले सैनिक संरचना र फुटबल मैदानका विषयमा सकमरात्मक रहेको बताए ।

विमानस्थलका विषयमा मन्त्री लेखक लामो समयदेखि सहजीकरणका लागि प्रयासरत थिए ।

भीमपालिकाको १५, दोधारा चाँदनी नगरपालिकाको १०, सुदूरपश्चिम प्रदेश सरकारको २५ र नागरिक उड्डयन प्राधिकरणको ५० प्रतिशत लगानीमा विमानस्थल ३ वर्षमा निर्माण गरिसक्ने गरी निर्माण अघि बढाइएको छ ।

# सुदूरपश्चिममा विषयगत समितिका सभापतिहरूको निर्वाचन आइतबार

**धनगढी/मस-** जेष्ठ सदस्यको भरमा चलेको १ वर्षपछि सुदूरपश्चिम प्रदेश सभाको विषयगत समितिका सभापतिहरूको निर्वाचन हुने भएको छ । निर्वाचनको कार्यतालिका पनि सार्वजनिक भएको छ । प्रदेश सभा सचिवालयले शुक्रबार निर्वाचनसम्बन्धी कार्यतालिका प्रकाशन गरेको हो ।

प्रदेश सभा नियमावली, २०५० को नियम १५५ बमोजिम गत वर्ष १८ माघमा विषयगत समितिहरूको सभापतिहरूको निर्वाचन तोकिएपनि हुन सकेको थिएन ।

प्रदेश सभा अन्तरगतका सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समितिका सभापतिहरुको निर्वाचनको मिति तोकिएकोमा विशेष कारणले तोकिएको समयमा निर्वाचन कार्यक्रम सम्पन्न हुन नसकि स्थगित भएको थियो । उक्त विषयगत समितिका सभापतिहरूको निर्वाचन आइतबार हुनेछ ।

गत महिना भएको सहमति अनुसार प्रदेश सभाका चार विषयगत समितिको सभापति सर्वसम्मत रूपमा चयन हुनेछन् ।

### किर्ते...

यही व्यवस्थाअनुसार अख्तियारले अनुसन्धान गरेर विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

### आमनिर्वाचनपछि...

महाधिवेशन र आमनिर्वाचन नजिक भयो भने समस्या हुन्छ भन्ने कुरा उठेको छ । ४ वर्षमा महाधिवेशन हुने सम्भावना छैन । हामीले तयारी गर्न खोज्दाखोज्दै सकेनौं । विधानले दिने १ वर्षपछि निर्वाचन नजिकिने हुँदा महाधिवेशन चुनावपछि नै गर्ने कि भन्ने विषयमा साथीहरूको सुझाव छ ।'

पार्टी संचालनमा सभापतिले हस्तक्षेपकारी भूमिका खेल्नुपर्ने विषयसमेत छलफलमा उठेको उनले बताए । 'पार्टीमा व्यक्तिगत दौड धेरै भयो', देउवा निकट नेता महतले भने, 'महाधिवेशनका नाममा व्यक्तिगत दौड धेरै भयो तर पार्टीलाई मजबुत बनाउने विषयमा नेताहरूले ध्यान दिएका छैनन् । यसमा सभापतिले नै अलि बढी निगरानी राख्नुपर्ने सहभागी नेताहरूले सुझाव दिएका छन् ।'

सभापति देउवा आगामी निर्वाचनको टिकट वितरण गरेर मात्र महाधिवेशन गर्ने योजनामा छन् । तर, संस्थापनइतर पक्षका नेताहरू भने पार्टीलाई वैधानिक र संवैधानिक प्रश्नको घेरामा राखेर महाधिवेशन सार्न नदिने बताउँदै आएका छन् ।

'पार्टीको महाधिवेशन सार्नुपर्ने कुनै कारण नै छैन', कांग्रेस सहमहामन्त्री जीवन परियारले भने, 'हामीले अझै पनि तयारी गर्दा २०८२ भित्रै महाधिवेशन गर्न सक्ने समय छ । तर, सभापतिले आफ्ना गुटका नेताहरूलाई मात्र बोलाएर पार्टीमाथि वैधानिक र संवैधानिक प्रश्न उठ्नेगरी छलफल गर्नुलाई आमकार्यकर्ताले उचित ठानेका छैनन् । महाधिवेशन सार्नुको कुनै कारण नै छैन ।'

संस्थापन पक्षले गुट चलाएर पार्टी सक्ने योजना बनाउँदा आफूहरू चुप लागेर नबस्ने उनले बताएका छन् ।

पार्टीको विधानअनुसार २०८२ मंसिरमा महाधिवेशन गर्नुपर्ने हुन्छ । तर, कारणवश १ वर्ष सार्न सकिने विधानमा भएको सुविधालाई देउवा र उनी निकटका नेताहरूले उपयोग गर्ने पक्का भएको छ । त्यसपछि संविधानले दिएकाे व्यवस्थाअनुसार ६ महिना थप्न देउवालाई कसैले रोक्न सक्दैन ।

यसो गर्दा २०८४ जेठसम्म देउवाले पार्टीको नेतृत्व गर्ने सम्भावनना छ । २०८४ जेठमा स्थानीय तहको निर्वाचन सुरु हुने र सोही मंसिरमा आमनिर्वाचन गर्नुपर्ने भएकाले पार्टीको महाधिवेशनलाई कुनै न कुनै उपाय निकालेर पनि चुननावपछि धकेल्ने प्रयास देउवा पक्षको छ ।

एमालेसँगको सत्ता सहयात्रामा भएको सम्झौता कार्यान्वयन भए देउवा २०८३ असारमा प्रधाननमन्त्री हुने छन् । उनले आफ्नै सरकार बनाएपछि देउवाले स्थानीय तह र आमनिर्वाचन २०८४ जेठ-असारसम्म एकै पटक गर्नेगरी योजना बनाएको हुन सक्छ ।

७ देखि १० फागुन २०८० सम्म गोदावरीमा भएको महासमिति बैठकमा महामन्त्री गगन थापाले २०८२ मंसिरभित्रै १५औं महाधिवेशन गर्ने प्रतिवेदन ल्याएका थिए । महामन्त्री थापाले समेत अहिले पार्टीको महाधिवेशन २०८४ अघि नै हुने बताउँदै आएका छन् ।

### समूह...

देउवा पक्षका बालकृष्ण खाण, एनपी साउद, मोहनबहादुर बस्नेत, डीना उपाध्याय, डिला संग्रौलालगायत नेताहरू केही समयदेखि बरिष्ठ नेता डा. शेखर कोइरासँग निकट हुँदै गएका थिए । कतिपय पार्टीका सार्वजनिक कार्यक्रममा उनीहरू कोइरालासँगैका राजननीतिक मञ्चहरूमा भाषण गर्दै कोइरालालाई आगामी सभाापतिमा सहयोग गर्ने बताउन थालेका थिए ।

यद्यपि, शुक्रबार भएको देउवासँगको छलफलमा ती नेताहरूले आफूहरू समूह परिवर्तनको कुनै प्रयासमा नरहेको स्पष्टीकरण दिएका छलफलमा सहभागी नेताहरूले बताएका छन् । १५औं महाधिवेशन नजिक नआउँदै इतर पक्षका रूपमा डा. शेखर कोइरालाले गतिविधि बढाएपछि देउवा पनि आफू निकटका नेतासँग छलफलमा जुटेका हुन् ।

देउवाले बोलाएको छलफलमा उपसभापति पूर्णबहादुर खड्का, पूर्वउपसभापति विमलेन्द्र निधि, विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, डा. शशांक कोइराला, डा. प्रकाशशरण महत, बालकृष्ण खाण, एनपी साउद र उमाकान्त चौधरी सहभागी थिए ।

### साधारणसभाको...

रोजगार ऐन तथा नियमावलीमा संशोधन, सेवा शुल्क परिमार्जनलगायतका अन्तिम चरणमा रहेका काम गर्न संघका केही पूर्वअध्यक्षहरू र अग्रज व्यवसायीले लिखित आग्रह गरेका कारणले निर्वाचन स्थगित गरिएको बताएको छ । संघले भवन खरिद गर्ने विषय पनि निर्वाचन सार्ने कारण बताएको थियो । घर खरिदको काम भने गत बुधबार सम्पन्न भइसकेको छ ।

### परराष्ट्रमन्त्री...

तथा खनिजमन्त्री र ओमानका अन्य सम्बन्धित मन्त्रीसँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ ।

परराष्ट्रमन्त्री डा. राणाले खाडी सहयोग परिषद् (जीसीसी) राष्ट्रहरूमा रहेका नेपाली राजदूत र नियोग प्रमुखसँग भर्चुअल बैठक गरी मस्कटमा रहँदा नेपाली समुदायलाई सम्बोधन गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

### यूएईबाट...

हित र संरक्षणका लागि आवश्यक नीति निर्माण गरी समयानुकूल सेवा सुविधा उपलब्ध गराउन आवश्यक भएको उल्लेख गरे ।

संयुक्त अरब इमिरेट्सका लागि नेपालका राजदूत तेजबहादुर क्षेत्रीले श्रमिकका लागि दूतावासले गरिरहेका कामबारे जानकारी दिँदै अनलाइन श्रम स्वीकृति सेवा दूतावासबाटै उपलब्ध भएपछि नेपाल सरकारले श्रमिकहरूलाई उपलब्ध गराउने सुविधा लिन सहज हुने बताए ।

उनले नेपाली राजदूतावास अबुधाबी नेपाली श्रमिकहरूको हकहित संरक्षणमा सधैं प्रतिबद्ध रहेको र सोहीअनुरूप राजदूतावासमा उपलब्ध सीमित जनशक्ति र स्रोत, साधनका बाबजुद पनि प्रभावकारी सेवा प्रदान गरेको बताए ।

राजदूत क्षेत्रीले राजदूतावासका विभिन्न सेवालाई विगतदेखि अनलाइन प्रणालीबाट प्रवाह गरिएको र श्रम स्वीकृति लिने कार्य पनि अनलाइन भएपछि सेवा प्रवाहमा चुस्तता आउने विश्वास व्यक्त गरे ।

त्यस अवसरमा गैरआवासीय नेपाली संघ र यूएईस्थित नेपाली समाजका प्रतिनिधिसहित यूएईमा रहेका विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो । साथै, गैरआवासीय नेपाली संघ यूएईका अध्यक्ष विकास शाही र नेपाली समाज यूएईका अध्यक्ष राम मोक्तानले पनि आ-आफ्ना धारणा व्यक्त गरेको दूतावासले जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।

उक्त कार्यक्रममा श्रमसम्बन्धी अन्तरक्रिया पनि आयोजना गरिएको थियो । वैधानिकीकरण श्रम स्वीकृति प्रदान गर्ने अबुधाबी मस्कटपछि दोस्रो राजदूतावास हो ।

यसैबीच, गत २९ माघदेखि १ फागुनसम्म यूएईमा भएको 'वर्ल्ड गभर्मेन्ट समिट, २०२५'मा मन्त्री भण्डारीले नेपालको प्रतिनिधित्व गरेका छन् । विश्वका ३० भन्दा बढी राष्ट्र प्रमुख तथा सरकार प्रमुखको सहभागिता रहेको सम्मेलनमा १४० देशका प्रतिनिधिसहित विभिन्न अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघसंस्थाका प्रतिनिधि, बौद्धिक तथा प्राज्ञिक क्षेत्रका विशेषज्ञ, उद्योग, वाणिज्य तथा निजी क्षेत्रका प्रतिनिधिसहित ६ हजार जनाको सहभागिता थियो । उक्त समिटमा बाग्मती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले पनि भाग लिएका थिए ।

### पूर्वआईजीपीहरूको...

प्रधानमन्त्री ओलीसँग बिहीबार भएको भेटमा प्रस्तावित प्रहरी ऐनमा उल्लेख भएका केही बुँदाहरू सच्याउनुपर्ने उनीहरूले प्रधानमन्त्रीलाई आग्रह गरेका थिए । मुख्यगरी २ विषयहरू गृहको नियन्त्रण तथा परिचालन र सुपरिवेक्षण विषय सच्याउन माग उनीहरूको छ । जिल्लामा पनि प्रमुख जिल्ला अधिकारीलाई शक्तिशाली बनाएर प्रहरीलाई कमजोर बनाउन लागिएको उनीहरूको भनाइ छ ।

विधेयकमा प्रहरी संगठनलाई कमजोर बनाउने प्रावधान राखिएको पूर्व प्रहरी प्रमुखहरूले बताएका छन् । विधेयकको मस्यौदामा प्रहरी परिचालन, नियन्त्रण, निर्देशन र सुपरिवेक्षण गृह मन्त्रालयले गर्ने नयाँ प्रावधान थपिएकामा उनीहरूको आपत्ति छ । यसले प्रहरीको 'चेन अफ कमान्ड'मै भत्किने, जुन सरकार आउँछ, उसले प्रहरीमा मनपरी गर्न सक्ने र राजनीतिक हस्तक्षेप बढ्न सक्नेतर्फ पूर्व प्रहरी प्रमुखहरूले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री ओलीसँगको भेटमा सहभागी पूर्वआईजीपी ओमविक्रम राणाले नेपाल प्रहरीको रेखदेख, नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षण नेपाल सरकारले गर्ने प्रचलित व्यवस्थालाई संशोधन गर्दै उक्त अधिकार गृह मन्त्रालयलाई दिइएकामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताए ।

'त्यसो गरिँदा गृह मन्त्रालयको शाखा अधिकृतसम्मले प्रहरी संगठनको हुर्मत लिने स्थिति आउन सक्छ', उनले भने । राणाका अनुसार आईजीपीको नियुक्ति, संगठनको सुपरिवेक्षण र सशस्त्रलाई दिन खोजिएको अस्वाभाविक अधिकारका कुरा उठाइएको थियो । राणाले भने, 'हाम्रो सरोकारप्रति उहाँ (प्रधानमनन्त्री) गम्भीर देखिनुभयो ।'

विधेयकले महानिरीक्षक (आईजीपी) नियुक्ति मापदण्डको पहिलो व्यवस्था 'ज्येष्ठता'लाई तेस्रोमा राखिएकामा पनि पूर्वआईजीपीहरूको आपत्ति छ । विद्यमान व्यवस्थामा ज्येष्ठतापछि कार्यसम्पादन, कार्यकुशलताजस्ता प्रावधान छ । तर, विधेयकमा ज्येष्ठताको मापदण्ड गौण बनाइँदा सरकारको रुचिअनुसार जो पनि आईजीपी हुने अवस्था सिर्जना हुने उनीहरूको भनाइ छ ।

'वरिष्ठतामा आधारित हुने सुरक्षा प्रणाली (चेन अफ कमान्ड)मा ज्येष्ठतालाई नै नमान्दा कसलाई फाइदा हुन्छ ?', आफूहरूले प्रधानमन्त्रीलाई प्रश्न गरेको राणाले बताए ।

सशस्त्र प्रहरी बल, नेपालसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१ ले उसलाई लागुऔषध, आतंककारी गतिविधिदेखि विभिन्न विषयमा अनुसन्धान एवं खानतलासीको अधिकार दिन खोजिएकामा पनि पूर्व प्रहरी प्रमुखहरूले असहमति व्यक्त गरेका छन् ।

'२ प्रहरीबीच द्वन्द्व बढाउन खोजियो, यो राम्रो भएन', राणाले भने । प्रधानमन्त्रीले संशोधनसहित विधेयक जारी हुने बचनवद्धता व्यक्त गरेको पनि राणाले बताए ।

भेटमा पूर्वआईजीहरू मोतीलाल बोहरा, अच्युतकृष्ण खरेल, ओमविक्रम राणा, रमेश चन्द ठकुरी, उपेन्द्रकान्त अर्याल, कुबेरसिंह राना र धीरजप्रताप सिंह सहभागी थिए ।

त्यसअघि पूर्वआईजीहरूले बुधबार गृहमन्त्रीलाई पनि भेट गरेर यही कुराहरू दोहोऱ्याएका थिए ।

नेपाल प्रहरी २०१२ सालमा बनेको ऐनका भरमा अहिले पनि चलिरहेको छ । त्यसयता पटकपटक ऐन र नियमावलीको संशोधन भएको छ । नीतिगत विषयहरूलाई नियमावलीमा राखेर स्वार्थअनुकूल परिवर्तन गर्दै राजनीतिक नेतृत्वले प्रहरी संगठनमा हस्तक्षेप गर्दै आएको प्रहरी अधिकारीहरू बताउँछन् ।

विधेयकमा भएको व्यवस्थाप्रति प्रहरी प्रधान कार्यालयले पनि असन्तुष्टि जनाएको छ । नेपाल प्रहरीले प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) दीपक थापाको नेतृत्वमा समिति बनाएर मस्यौदा बनाएको थियो । उक्त मस्यौदामा 'परिचालन, नियन्त्रण, सुपरिवेक्षण नेपाल सरकारले गर्ने छ' भन्ने उल्लेख थियो तर संसदमा दर्ता हुने बेलामा सरकारको स्थानमा गृह मन्त्रालय उल्लेख गरिएको छ । अहिले विधेयकमा भएको व्यवस्थाले प्रहरी परिचालनका सन्दर्भमा प्रहरी कमान्डरमा रहनुपर्ने अधिकारलाई मन्त्रालयका सहसचिव, उपसचिव र शाखा अधिकृत तहसम्म पुऱ्याइदिने जोखिम रहेको प्रहरी अधिकारीहरू बताउँछन् ।

# अमेरिका पठाइदिन्छु भन्दै ठग्ने २ पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीमा अमेरिका पठाइदिने प्रलोभनमा पारी ठगी गरेको आरोपमा प्रहरीले २ जनालाई पक्राउ गरेको छ । धनुषा विदेह नगरपालिका- ५ घर भई ललितपुर महालक्ष्मी नगरपालिका- ५ बस्ने २९ वर्षीय विशाल ठाकुर र सिरहा नगरपालिका- ८ घर भई काठमाडौं महानगरपालिका- ३२ बस्ने ३३ वर्षीय रमेशकुमार ठाकुरलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

वैदेशिक रोजगारीमा अमेरिका पठाइदिने प्रलोभनमा पारेर २ जनाबाट २१ लाख रुपैयाँ लिई सम्पर्कविहीन भएको जाहेरी परेको र सोही जाहेरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले रमेशलाई काठमाडौं तीनकुनेबाट र विशाललाई कोटेश्वरबाट पक्राउ गरेको हो ।

उनीहरू दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

# नागरिकको गुनासो नआउने गरी काम गर्नुस् : सचिव काफ्ले




**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ फागुन

लुम्बिनी प्रदेशका वन सचिव मोहनराज काफ्लेले जनतासँग शिष्ट र नरम व्यवहार गर्न र सोही अनुसार मुस्कानसहितको सेवा प्रदानगर्न कर्मचारीहरूलाई निर्देशन दिएका छन् ।

उनले प्रदेश सरकारले जनतालाई निराश हुन नदिने गरी काम गरेकाले सरकारको मिसन सफल बनाउने जिम्मेवारी कर्मचारीको हुने उल्लेख गर्दै सरकारको चाहना अनुसार काम गर्न पनि निर्देशन दिए । डिभिजन वन कार्यालय अर्घाखाँचीले सन्धिखर्कमा आयोजना गरेको दुई दिने वन कर्मचारीहरुका लागि क्षमता विकास सम्बन्धी गोष्ठीमा कर्मचारीलाई निर्देशन दिँदै उनले कर्मचारी जनताको करबाट सेवा सुविधा लिएर नागरिकको सेवा गर्न बसेको बताए । 'हामीले जनतासँग शिष्ट र नरम व्यवहार गरेर सेवा दिनुपर्छ', काफ्लेले भने, 'नागरिकको कुनै गुनासो आउनुभएन ।' सरकारले दिने सेवा व्यवहारिक र प्रभावकारी बनाउने जिम्मेवारी कर्मचारीको भएकोले सोही अनुसार काम गर्न निर्देशन दिए ।

काफ्लेले त्यस क्रममा सेवा प्रवाहमा ढिलासुस्ती नगर्न र गरेको गुनासो आए कारबाही गर्ने चेतावनी पनि दिए । लुम्बिनी प्रदेश सरकारले केही महिना अगाडि प्रस्तुत गरेक आर्थिक वर्ष २०८१/८२ को बजेटमा वनबाट मात्रै वार्षिक २ अर्ब राजस्व संकलन गर्ने लक्ष्य लिएको र सोही अनुसार सरकार अगाडि बढेकाले प्रदेशमा वनबाट २ अर्ब राजस्व उठाउने लक्ष्य लिएर अगाडि बढेको बताए ।सोही अनुसार काम गर्न सबै डिभिजनहरुलाई निर्देशन दिएको बताउँदै उनले अर्घाखाँचीबाट धेरै राजस्व संकलन गर्ने लक्ष्य पूरा हुने विश्वास व्यक्त गरे ।

हाल प्रदेशभित्रका २१७ सामुदायिक वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन अनुसार काम भइरहेको काफ्लेले बताए । उनका अनुसार आगामी आर्थिक वर्षमा थप १०० वटा वन समूहमा सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन विस्तार गरिनेछ ।

समृद्धिका लागि वन कार्यक्रमबाट २५ लाख क्यूफिट भन्दामाथि काठ र ३५ सय चट्टा दाउरा उत्पादन हुनुका साथै १० लाखमाथि श्रमदान अर्थात् ३ हजार ८ सय जनाले वर्षमा २८० दिन रोजगारीसमेत पाउने गरी काम सुरु भएकोले राजस्व वृद्धि हुने अनुमान मन्त्रालयले गरेको उनको भनाइ छ ।

विदेशबाट अर्बौंको काठ र काठको फर्निचर आयात हुने गरेको तर नेपालका वनमा काठ कुहिएर खेर जाने परिपाटीको अन्त्य गर्न सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनलाई बढीभन्दा बढी विस्तार गर्न जरुरी रहेको सचिव काफ्लेले तर्क गरे ।

वन सम्बर्द्धन प्रणालीअन्तर्गत लुम्बिनी प्रदेशभर १० वर्षमा २ करोड ५० लाख क्युफिट काठ र ७५ हजार चट्टा दाउरा निस्कने डिभिजन वन कार्यालयहरुको रिपोर्टिङ रहेको काफ्लेले बताए । जसबाट वार्षिक २० अर्ब ७५ करोड आम्दानी हुने, राजस्व संकलन पनि ५ अर्ब १८ करोड पुग्ने वन सचिव काफ्लेले दावी गरे ।

कार्यक्रममा सिनियर डिभिजन वन अधिकृत मोहन प्रसाद श्रेष्ठले अर्घाखाँची वन कार्यालय सबडिभिजन कार्यलयबाट भएको सेवा प्रवाहका बारेमा जानकारी दिएका थिए ।

# २० किलो चरेससहित ४ जना पक्राउ

**भैरहवा/मस-** भैरहवामा २० किलो लागूऔषध चरेससहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय भैरहवा र वडा प्रहरी कार्यालय भैरहवाबाट संयुक्त रूपमा खटिएको टोलीले भैरहवाको बुद्धचोकस्थित चन्द्रसूर्य होटलबाट उक्त परिमाण चरेससहित उनीहरूलाई पक्राउ गरेको हो ।

लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय भैरहवाका प्रमुख सागर भट्टराईले विशेष सुराकीको आधारमा २० किलो चरेससहित त्यसमा संलग्न ४ जना कारोबारीलाई पक्राउ गरिएको बताए । उनीहरूको नाम र ठेगाना भने प्रहरीले सार्वजनिक गरेको छैन । पक्राउ गर्ने क्रममा एक जना कारोबारी भने फरार भएका छन् ।

भट्टराईका अनुसार पक्राउ परेका ४ जना युवक धादिङको गजुरीका हुन् । बरामद गरिएको चरेसको बजार मूल्य नेपालमा ९ लाख रुपैयाँ भन्दा धेरै पर्छ ।

धादिङको गजुरीबाट भैरहवा हुँदै भारततर्फ लैजाने क्रममा उक्त परिमाणको चरेस बरामद भएको हो ।

## महाधिवेशनसम्बन्धी सूचना

नेपाल तालिम तथा रोजगार व्यवसायी महासघंको मिति २०८१ माघ ६ गते बसेको कार्यसमितिको बैठकले यही आउदो मिति २०८१ फागुन २५ गतेभित्र महाधिवेशन सम्पन्न गरिसक्ने भन्ने निर्णय भएअनुसार मिति २०८१ फागुन २३ गते कैलाली जिल्लामा अधिवेशन गर्ने निर्णय गरेको व्यहोरा सम्पूर्ण सदस्यज्यूहरूलाई सहर्ष जानकारी गराउँदै अधिवेशन सफलतापूर्वक सम्पन्न गराउन यहाँहरूको सक्रिय सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**
**मिति** : २०८१ साल फागुन २३ गते
**स्थान** : बसेरा कल्चरल होटल, धनगढी उपमहानगरपालिका वडा नं.- १, नैनादेवी रोड, धनगढी
**समय** : विहान ८:०० बजे

**छत्रबहादुर बम**
**केन्द्रीय महासचिव**
**नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघ**

## Free Visa Free Ticket सहित युएईमा रोजगार

कम्पनी: MASAFI CO. - DUBAI BR    शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/०२    चलानी नं.: ६०२३३०६५    L.T. No.: 318966

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 70 | 0 | स. काममा दक्ष | 1000 | ३७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरीमा २०८१ फागुन १० गते (22 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ फागुन ११ गते (23 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## युएईमा रोजगार

कम्पनी : GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/१३    चलानी नं.: ६०२२४३९९    LT. No.: 309775    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 27 | 0 | स. काममा दक्ष | 2000 | ७५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हयाट रेजेन्सी होटल काठमाडौंमा २०८१ फागुन १० देखि १३ गते (22 to 25 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHIKHAR INT'L MANPOWER Services Pvt. Ltd.**
Shikhar House, Near Radisson Hotel
Lazimpat - 2, Kathmandu, Nepal
Tel.: 4541707 (6 Line), www.shikharmanpower.com.np

# कांग्रेस–एमालेले भन्दा बिचौलिया र दलालहरूले मलाई हटाए : प्रचण्ड

**दोलखा/मस–** माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूलाई प्रधानमन्त्रीबाट कांग्रेस-एमालेले नभइ बिचौलियाहरूले हटाएको टिप्पणी गरेका छन् ।

दोलखाको जिरीमा शुक्रबार आयोजित कार्यक्रममा अध्यक्ष प्रचण्डले भने, 'प्रचण्डलाई माओवादीको संख्या कम भएर कांग्रेस-एमालेले हटाए भनेर लागेको होला । तर, मलाई हटाउन कांग्रेस र एमालेका नेताहरूले भन्दा पनि भूमाफिया, बिचौलिया र दलालहरूले हटाएका हुन् ।'

उनले भने, 'मैले गरेको काम दलाल पुँजीपतिहरूलाई मन परेन । मैले गरेको काम भ्रष्टाचारीहरूलाई मन परेन । प्रचण्ड नेतृत्वमा रहिरह्यो भने हाम्रो दिन सकियो भनेर भ्रष्टाचारीहरू डराए । भूमाफियाहरूलाई मन परेन । सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धिका कामहरूलाई मन परेन । सेटिङमा काम गर्ने एक/दुई दर्जन मान्छे छन् र बिना मेहनत करोडौं लुट्छन् । उनीहरूले मेरो



नेतृत्वको सरकार ढाले ।'


प्रचण्डले कांग्रेस-एमालेको नेतृत्व संविधान च्यातेर जनताका अधिकार उल्ट्याउनमा केन्द्रित रहेको आरोप लगाए । 'एमाले नेतृत्व र कांग्रेसका एकथरिले संविधानको प्रस्तावना र धारा उपधारामा माओवादी नै माओवादी देख्ने गरेका छन्,' अध्यक्ष प्रचण्डले भने, 'उनीहरू संविधान संशोधन होइन, कुनै पनि बहाना गरेर यो संविधान उल्ट्याउन चाहन्छन् ।' २/२ पटक संविधान मिचेर संसद विघटन गरेको घटना यसकै उपज रहेको स्मरण गराउँदै उनले अहिले पनि यही प्रवृत्ति र प्रयास नरोकिएको बताए ।

'मलाई सरकारबाट हटाउँदा संविधान संशोधनलाई मुख्य एजेण्डाको रुपमा अघि सारिएको थियो तर अहिले आएर प्रधानमन्त्रीले नै २०८७ मा मात्रै संविधान संशोधन हुने भन्न थालेका छन्' प्रचण्डले भने, 'यसबाट उनीहरू संविधान संशोधनमा इमान्दार छैनन् भन्ने देखिन्छ ।'

संविधान बनाउनै पर्ने बाध्यताका कारण आफ्ना मुद्दाहरूलाई फरक मतको रूपमा राखेर सम्झौतामा अघि बढेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब प्रत्यक्ष कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको एजेण्डा अघि बढाउने बताए । आफू तेस्रोपटक प्रधाननमन्त्री हुँदा सुशासन, सामाजिक न्याय र समृद्धिको ऐतिहासिक अभियान थालनी गर्न पाएकोमा गर्व महसुस भएको प्रचण्डको भनाइ छ ।

# कार्यसम्पादनमा काठमाडौं महानगर जिल्लामै कमजोर

**काठमाडौं/मस–** कार्यसम्पादन मूल्यांकनमा काठमाडौं महानगरपालिका जिल्लामै सबैभन्दा कमजोर देखिएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको कार्यसम्पादन मूल्यांकनमा महानगरपालिकाले जिल्लाका १० नगरमध्ये सबैभन्दा कम अंक पाएको हो ।




आयोगकाअनुसार १७ वटा विभिन्न सूचकका आधारमा आयोगले गरेको मूल्यांकनमा काठमाडौं महानगरले १०० मध्ये जम्मा ५४.३ अंक पाएको छ ।

काठमाडौंका सबै स्थानीय तहमध्ये तारकेश्वर नगरपालिका ७१.३ अंकसहित पहिलो स्थानमा छ । त्यसपछि नागार्जुन नगरपालिकाले ७०.६ अंक पाएको छ । यस्तै शंखरापुर नगरले ६८.१, चन्द्रागिरीले ६७.१, गोकर्णेश्वर नगरपालिकाले ६४.४, कीर्तिपुर नगरपालिकाले ६३.४, कागेश्वरी मनोहराले ६२.८, बूढानीलकण्ठले ६०.८, टोखाले ५८.६ र दक्षिणकाली नगरपालिकाले ५४.७ अंक पाएका छन् । आयोगले प्रत्येक वर्ष स्थानीय तहको कार्यसम्पादन मूल्यांकन सार्वजनिक गर्दै आएको छ ।

# विद्यालयको रकम हिनामिनाको आरोप

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २ फागुन

रौतहटको राजदेवी नगरपालिका वडा नं १ मा रहेको श्री माध्यमिक विद्यालय पथरामा विद्यालय प्रशासन तथा ठेकेदारको मिलोमतोमा रकम हिनामिना गरेको आरोप लागेको छ ।



आम्दानीको श्रोतको रुपमा रहेको तीन वटा पोखरीको पहिला ठेक्का लिएको ठेकेदार गरुडा न.पा वडा नं ८ का ठागा सहनीले २०७३ सालमा १६ लाख रुपैयाँमा लिएको ठेक्का समय अवधि समाप्त भए पश्चात् पुन: १ वर्षको लागि थप गरिएको थियो ।

तर एक वर्षको लागि ५ लाखमा लिएको ठेक्काको रकम जम्मा नगरेको विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले बताएका छन् । पोखरीको ठेक्का रकम हिनामिना गरेको सहनीले बिना कुनै प्रमाण सम्झौता करिब डेढ वर्षदेखि बल जबरजस्ती पोखरी भोग चलन गर्दै आएका स्थानीय शिवमंगल यादवले बताए ।

थप १ वर्षको लागि पाँच लाख रुपैयाँमात्र दिएको तर त्यसको ठेक्का प्रमाण निज सहनीले नदेखाइ रौतहट दुर्गा भगवती गा.पा २ निवासी दिनेश सहनी भन्ने भोला सहनीले सफाइ पत्र देखाउँदै आएका छन् ।

यता यसको कागजात विद्यालय प्रशासनसँग नभएको र रकम पनि ठेकेदारले विद्यालयको खातामा जम्मा गरेका छैनन् । विद्यालय प्रशासनले पटक-पटक भोला सहनीलाई पत्रमार्फत बैंकमा रकम जम्मा गरेको भौचरको प्रतिलिपि विद्यालय प्रशासनमा बुझाउन अनुरोध गरेको थियो ।

३ पटकसम्म अनुरोध गरेपनि ठेकेदारले सफाइ पत्र अनुसार एउटा पनि बैंक भौचरको प्रतिलिपी बुझाएका छैनन् । तर अन्तमा प्रमाणको नाममा ठेकदार दिनेश सहनी भन्ने भोला सहनीले पूर्व प्र.अ.द्वारा हस्ताक्षरित च.न. ९४ को लेटर प्याड प्रयोग गरी ठेकेदारलाई दिएको सफाइपत्र विद्यालय प्रशासनलाई बुझाएका थिए ।

तर सफाइपत्रमा २१ लाख पाँच हजार विद्यालयको खातामा नरहेको, विद्यालय प्रशासन तथा राजदेवी नगरपालिकाले प्रमाणित गरेर दिएको, त्यसको ठेक्का पहिला नै समाप्त भएको र त्यो ठेकेदारले ठेक्का अनुसार रकम पनि बैंक खातामा जम्मा नगरेको बुझिएको छ ।

अहिले फेरि करिब एक वर्ष ६ महिनादेखि त्यही ठेकेदार सहनीले भोगचलन गर्दै आएको तर त्यसको कागजात विद्यालय प्रशासनसँग नरहेको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । विद्यालय प्रशासनसँग कागजात छैन । आजसम्म ठेकेदारलाई कारबाही पनि भएको छैन ।

ठेकेदारले विद्यालय प्रशासनको मिलोमतोमा विद्यालयको आम्दानी स्रोतको रूपमा रहेको पोखरी भोग चलन गर्न दिएको आरोप लागेको छ ।

स्थानीयले यो पोखरीलाई रोक्का गरी विद्यालय प्रशासन तथा ठेकेदारलाई उचित कारबाहीको लागि सम्बन्धित निकायसँग माग गरेका छन् । सम्बन्धित निकायले निकास नखोजे संघर्षका कार्यक्रम गर्ने स्थानीय शिवमंगल यादवले चेतावनी दिएका छन् ।

# कपिलवस्तु प्रहरीको कार्यसम्पादन उत्कृष्ट



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २ फागुन

कपिलवस्तु जिल्ला प्रहरी कार्यालयले पछिल्ला पाँच महिनाको प्रहरी कार्यसम्पादन तथा माघ महिनामा भएका प्रमुख घटनाबारे जानकारी गराएको छ ।

शुक्रबार पत्रकार सम्मेलन गर्दै प्रहरी कार्यालयले कार्यसम्पादन सार्वजनिक गरेको हो ।

कपिलवस्तु प्रहरीले १५० पूर्णाङ्कमध्ये १०७ अंक प्राप्त गर्दै ७१.३३ प्रतिशत कार्यसम्पादन दर हासिल गरेको छ । यससँगै प्रदेशका १२ जिल्लामध्ये कपिलवस्तु अग्रपंक्तिमा परेको छ । पछिल्लो एक महिनामा १०८ विभिन्न घटना दर्ता भएका छन्, जसमा मुख्य रूपले सवारी दुर्घटना (३५), आत्महत्या (८), आत्महत्या उद्योग (१४), अवैध सामान बरामद (२६), लागुऔषध मुद्दा (१९), चोरी (८), र हराइएका सवारी साधन (६) रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक निरन्जन दत्त भट्टले अपराध न्यूनीकरण तथा नियन्त्रणका लागि निरन्तर प्रयास भइरहेको उल्लेख गरे । उनले नागरिकसँग सहकार्य गर्दै सुरक्षा व्यवस्थालाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रहरी नायव उपरीक्षक मोहनमणि अधिकारीले माघ महिनाका घटनाको विस्तृत रिपोर्ट प्रस्तुत गरेका थिए ।

# कलैयामा 'नि:शुल्क कपडा बैंक' स्थापना

**कलैया/मस–** बारा सदरमुकाम कलैयामा 'नि:शुल्क कपडा बैंक' स्थापना गरिएको छ । ग्रामीण उत्थान अभियान कलैयाले 'निशुल्क कपडा बैंक' स्थापना गरेको हो ।




लत्ताकपडा खरिद गर्न नसक्ने गरिब परिवारलाई नि:शुल्क उपलब्ध गराउने उद्देश्यले 'निशुल्क कपडा बैंक' स्थापना गरिएको संस्थाका संस्थापक मोकद्दम अन्सारीले जानकारी दिए ।

यस बैंकबाट गरिब तथा अति विपन्न परिवारलाई ठूलो राहत पुग्ने देखिएको कलैया उपमहानगरपालिकाका नगर प्रमुख बिनोद साहले बताए । 'नि:शुल्क कपडा बैंक'मा खासगरी असहाय, गरिब, विपन्न, एकल, दलित, पिछडिएको र मजदुर वर्गका व्यक्तिले लाभ लिएको देखेर आफू उत्साहित भएको प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारिको भनाइ छ ।

उनले यसलाई निरन्तर दिन एउटा कार्यविधि बनाएर अगाडि बढ्न सुझाव दिँदै आफ्नो साथ रहने समेत बताए । 'कपडा बैंक' की संस्थापक अध्यक्ष माधुरी गिरीका अनुसार एक घण्टामै ३५ जनाभन्दा बढीले लगाउने कपडा लगेका छन् ।

# वन डढेलो नियन्त्रण अभियान

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ फागुन

अर्घाखाँचीमा वन डढेलो रोकथामका लागि विशेष अभियान सञ्चालन गरिएको छ। जिल्लाका अधिकांश वन डढेलोको उच्च जोखिममा भन्दै संरक्षणका लागि विशेष अभियान सञ्चालन गरिएको हो । वन डढेलो व्यवस्थापनका लागि निरोधात्मक उपाय अवलम्बन गर्दै वन डढेलोबाट हुने जनधन र वनको क्षति न्यूनीकरण गर्नका लागि माघ २५ देखि विशेष कार्यक्रम सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले बताए ।



मल्लका अनुसार प्रहरीले अहिले सबै ठाउँमा इलाका प्रहरी र चौकी प्रहरी गरी २५ वटा प्रहरी यूनियनबाट जनताका घर नजिक रहेका जलनसिल पदार्थहरु पात पतिङ्गर हटाउने, सल्लोबाट झरेको पिरल हटाउने, अग्नी रेखा कोर्ने, घर नजिक राखिएका स्याउला हटाउने, जनचेतनामूलक सामग्री वितरण गर्ने/गराउने, पातपतिङ्गर हटाउने तथा जलाउने लगायत काम स्थानीय जनताको सहयोगमा प्रहरीले गाउँगाउँमा सुरु गरेको छ ।

यता डिभिजन वन कार्यालय अर्घाखाँचीले पनि सामुदायिक वनका पदाधिकारी उपभोक्ता वन कर्मचारी तथा सरोकारवाला निकायसँग अन्तरक्रिया गर्दै वन डढेलो नियन्त्रणमा तदारुकता देखाउँदै वनका सबै निकाए परिचालन गरिएको सिनियर डिभिजन वन अधिकृत मोहन प्रसाद श्रेष्ठले बताए । वनमा डढेलो लाग्न नदिन सबै नागरिलाई सचेत हुन डिभिजन वन कार्यालय अर्घाखाँचीले विभिन्न सञ्चार माध्यम तथा अन्तरक्रिया छलफल गरी आग्रह गरिएको डिभिजन वन कार्यालय अर्घाखाँचीका सूचना अधिकारी केशव खड्काले जानकारी दिए ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका प्रमुख मोहन प्रसाद श्रेष्ठले अर्घाखाँची जिल्लाको अधिकांश ठाउँमा सामुदायिक वन तथा निजी आवादी वन डढेलोको उच्च जोखिममा रहेकाले सबैलाई सर्तक र सुरक्षा अपनाउन आग्रह गरे । वन डढेलो जोखिम उच्च जिल्लामध्ये अर्घाखाँची रहेकोले डढेलोबाट वन जोगाउन सबै व्यक्ति सचेत हुन आवश्यक रहेको प्रमुख श्रेष्ठले बताए । जिल्लामा ६० प्रतिशत भू-भाग वनजंगलले ढाकेको छ ।

अर्घाखाँचीमा नागरिक सचेत नभएको कारणले गर्दा बढी वन डढेलो हुने गरेको तथ्यांकमा देखिएको छ । मानवीय कारणले ८० प्रतिशत, प्राकृतिक कारणले १० प्रतिशत तथा १० प्रतिशत वन डढेलोका कारण नागरिकलाई थाहा नभएको कारण लाग्ने गरेको श्रेष्ठले बताए ।

डढेलोले जनधन, वन र जैविक विविधता तथा पारिस्थितिक प्रणालीमा समेत क्षति गर्ने हुँदा यसको रोकथाममा उपभोक्ता, वन हेरालु र वन उपभोक्ताको उपसमिति, नेपाल प्रहरी सशस्त्र प्रहरी, नेपाली सेनासँग सहकार्य गरी अभियान सञ्चालन गरिनेछ ।

जिल्लाभर आगलागीका घटना न्यूनीकरणका लागि तीन वटा संयन्त्र निर्माण गरिएको छ । आगलागीका घटना रोकथाम र न्यूनीकरणका लागि जिल्ला विपद् समिति अध्यक्ष प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालको नेतृत्वमा सुरक्षा निकाय परिचालन र निर्देशन, समिति सिनियर वन अधिकृत मोहन प्रसाद श्रेष्ठको नेतृत्वमा वन समुह परिचालन, वनका कर्मचारी परिचालन, श्रोत साधन परिचालन र स्थानीय तहबाट श्रोत साधन परिचालन रिपोटर्टिङ एवं समन्वय समिति गठन गरी परिचालन गरिएको छ ।

अर्घाखाँचीमा ४ सय ४६ वटा सामुदायिक वनहरुबाट आगलागी नियन्त्रण गर्ने कार्ययोजना र बढी डढेलो जोखिममा रहेका १६ क्षेत्रमा विशेष कार्ययोजना बनाएर परिचालन गरिएको सिनियर डिभिजन वन अधिकृत श्रेष्ठको भनाइ छ । अर्घाखाँची जिल्लामा डढेलोले गत वर्ष निकै ठूलो धनजनको क्षति पुऱ्याएपछि अर्घाखाँचीमा यस वर्ष नियन्त्रणका लागि सबै क्षेत्र परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताए ।

# स्थानीय अनुकूलन प्रवर्द्धन गर्न दक्षिण एशियाली कार्यशाला



**काठमाडौं/मस–** दक्षिण एसियामा स्थानीय नेतृत्वमा आधारित अनुकूलनको प्रवर्द्धनका लागि भएका चुनौती, असल अभ्यास तथा अवसरबारे छलफल गर्न आयोजित कार्यशाला काठमाडौंमा सम्पन्न भएको छ । वन तथा वातावरण मन्त्रालयको समन्वय तथा द ग्लोबल सेन्टर अन एडप्टेशन जिसिए र डीसीएको आयोजनामा सम्पन्न उक्त कार्यशालामा दक्षिण एसियाली मुलुकहरुको अनुकूलन अभ्यासबारे अनुभव आदानप्रदान गरिएको थियो।

कार्यशालाको अन्तिम दिन आयोजित पत्रकार अन्तरक्रियामा जिसिए एसिया निर्देशक सुसान सेनले प्रत्येक मुलुकले स्थानीय अनुकूलन कार्ययोजना तयार गरी लागु गर्ने प्रयास गरिरहेको भन्दै त्यसलाई थप व्यवस्थित बनाउन स्थानीय निकायको क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिए । साथै अनुकूलन अभ्यासका लागि बजेट तर्जुमा र सरोकारवालाहरूको ज्ञान तथा सीप अभिवृद्धिका लागि थप पहल आवश्यक रहेको उनले बताए। नेपालजस्ता मुलुकहरूले बहुपक्षीय वित्तीय सहायता संस्थाहरूसँग सहकार्य गर्नु आवश्यक रहेको उनको भनाइ थियो ।

वन तथा वातावरण मन्त्रालयका उपसचिव सुमन सुवेदीका अनुसार नेपालका ७ सय ५३ स्थानीय तहमा स्थानीय अनुकूलन योजना (लापा) लागु गर्ने प्रयास भए पनि अझै धेरै स्थानीय निकायमा यसको कार्यान्वयन गर्न बाँकी छ। नेपालजस्तो जलवायु परिवर्तनको जोखिमयुक्त मुलुकमा थप लगानी आवश्यक रहेको र यस्ता कार्यक्रमहरूले नेपालको पर्यावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन योजनालाई समयानुकूल बनाउन सहयोग गर्ने उनले बताए। डीसीएकी राष्ट्रिय निर्देशक डा सम्झना विष्टले कार्यशालाले सार्वजनिक तथा निजी साझेदारी कसरी बढाउन सकिन्छ भन्ने विषयमा छलफलका लागि साझा मञ्च प्रदान गरेको बताइन । सहभागीहरूले जलवायु परिवर्तनका कारण जोखिममा परेका समुदायहरूको विपद् उत्थानशीलता वृद्धि गर्ने आफ्ना अनुभवहरू प्रस्तुत गरेका थिए, जसले नेपालका जोखिमयुक्त समुदायहरूको विपद् न्यूनीकरणमा योगदान पुऱ्याउने उनको विश्वास छ ।

# त्रिविको ट्रान्सक्रिप्टसहितका प्रमाणपत्र अब अनलाइनबाट

**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालय (त्रिवि) परीक्षा नियन्त्रण कार्यालय (पनिका) ले कार्यालयबाट उपलब्ध हुने सबै प्रमाणपत्रको फाराम अब अनलाइनबाटै भर्ने व्यवस्था गर्न थोलेको छ ।

ट्रान्सक्रिप्ट लगायतका सबै प्रमाणपत्रका लागि घरबाटै नै फाराम भर्ने व्यवस्था गर्न थालिएको परीक्षा नियन्त्रक पुष्पराज जोशीले जानकारी दिए । चैतदेखि कुनै पनि प्रमाणपत्रका लागि कार्यालय नआउने गरी अनलाइन फाराम भर्ने व्यवस्था गर्न थालिएको उनले बताए ।

त्रिवि पनिकाले यसअघि पनि ट्रान्सक्रिप्टका लागि अनलाइन फाराम भर्ने व्यवस्था गरे पनि सफल हुन सकेको थिएन । 'अनलाइन फारामका लागि नयाँ सर्भर बनाएर सफ्टवेयर जोड्दैछौं, अबको २ हप्तामा यो काम हुन्छ । त्यसपछि विद्यार्थीले जहाँसुकैबाट अनलाइनमार्फत सेवा लिन सक्नेछन्', परीक्षा नियन्त्रक जोशीले भने ।

यो व्यवस्था भएमा ट्रान्सक्रिप्ट, पुनर्योग, चारित्रिक प्रमाणपत्रलगायत काम अनलाइनमार्फत हुनेछन् । जोशीले अनलाइन फाराम भरेका विद्यार्थीका प्रमाणपत्र पनिकाका क्षेत्रीय कार्यालयमा पठाउनेसमेत बताए । 'अब विद्यार्थीले सबै प्रमाणपत्रको फाराम भर्नेदेखि प्रमाण लिनेसम्मका कामकै लागि काठमाडौं आउनु पर्दैन', उनले भने, 'अनलाइनमार्फत फाराम प्राप्त भएपछि विद्यार्थीलाई पायक पर्ने क्षेत्रीय कार्यालयमा प्रमाणपत्र पठाउने छौं ।'

UAE मा रोजगार
कम्पनी: GLOBAL SECURITY SERVICES GROUP - SOLE PROPRIETORSHIP L.L.C.
शहर: Abu Dhabi

पूर्व स्वीकृत मिति: २०८१/०४/२८ चलानी नं.: ६०२२३४५४ L.T. No.:308781 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या |  | न्यूनतम योग्यता | मासिक तलब |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला |  | AED | ने. रू. |  |  |  |  |  |  |  |
| 1. | Security Guard | 55 | 40 | स. काममा दक्ष | 2000 | ७५,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

प्रि–अन्तर्वार्ता धमाधम भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौं र ह्यायात रेजेन्सी होटल बौद्धमा
२०८१ फागुन १०, ११, १२ र १३ गते (22, 23, 24 & 25 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Necessary for Interview :
Full Size Photo , 06 Piece MRP Size Photo, Original Passports & All Necessary
Experience Related Original Documents. Criteria : Height: 5.7 FT minimum, Age (24 - 39),
Education : 10 passed minimum, 5 Years Minimum Experience in Nepal Army or Arm Police Force

सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
Lic No. 689/063/064
सामाखुसी–०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३
Mobile: 9802341585 ,9767241249 , 9841422188 , 9847824812 , 9845277233 , 9864827296 , 9846912202 , 9869244000 , 9802341581 , 9808067154 , 9849820500 , 9823314269 , 9802313475

पुस्तक समीक्षा

# ‘उज्यालो औंसी’भित्र पस्दा

*“अँध्यारो औंसी” पिताप्रति समर्पित उपन्यास हो । पिताको हत्या, पितृ स्नेहबाट विमुख हुनुपरेको पीडा, त्यसले उनको परिवार र उनको चौतर्फी विकासमा परेको व्यवधान, पितृ स्नेहको अभावमा उनको बाल्यकालमा आएको उतारचढाव उपन्यासको हरेक अध्यायमा प्रतिबिम्बित भएका छन...*



■ रेवती त्रिपाठी

साहित्यिक कृतिको समीक्षा गर्ने हैसियत आफूमा नहुँदा नहुँदै पनि कहिलेकाहीँ परिबन्दमा परेर नसकिने काम पनि गर्नुपर्दो रहेछ । यथार्थमा पढदै गर्दा के लहडले टिपेको टिपोटले समीक्षाको रूप धारण गरेपछि साहित्यिक कृतिको समीक्षक हुने अवसर जुटचो ।

सर्वप्रथम चेतनाथ आचार्यको उपन्यास ‘रूइवा’ पढेपछि सानो टिप्पणी लेखेर फेसबुकमा पोस्ट गरेको, चेतनाथजीलाई मनपरेछ, त्यसलाई अलि विस्तृत पार्न भन्नुभयो र अनलाइन पत्रिकामा छापियो ।

आफूले जीवनको उर्वर उमेर बिताएको निजामती सेवाभित्रको विकृतिको पर्दाफास गरेको प्रकाश तिवारीको ‘९६ गड्डी’ उपर टिप्पणी नलेखी मनले मानेन । त्यो टिप्पणी अर्को अनलाइन पत्रिकामा छापियो । ‘९६ गड्डी’ उपन्यास उपरको छलफल कार्यक्रममा प्रज्ञाप्रतिष्ठानमा पहिलो पटक प्रत्यक्ष भेट भएको अवसरमा अनिता कोइरालाले आफ्नो पहिलो उपन्यास ‘उज्यालो औंसी’ उपहार दिनुभयो ।

सित्तैमा कृति पढेपछि त्यसको पैंचो नतिरी मन मानेन । पढेर सानो टिप्पणी लेखौंला भन्ने सोचेको, व्यस्तताले गर्दा पढनै भ्याइएन । हात परेको १ महिनापछि भर्खर उपन्यास पढेर सानो टिप्पणी लेख्न बसें ।

साहित्यका विभिन्न विधामध्ये कसैलाई कथा मनपर्ला, कसैलाई कविता अनि कसैलाई निबन्ध । मलाईचाहिँ समाजलाई प्रतिबिम्बित गर्ने कार्यमा साहित्यका विविध विधामध्ये उपन्यास नै सबैभन्दा सशक्त माध्यम हो भन्ने लाग्छ ।

आख्यान, चाहे उपन्यास होस वा कथा, लेखकले यसको नायकमार्फत आफूले समाजमा दिन खोजेको सन्देश जति सशक्त ढंगले दिन सक्छ, आख्यानकार उत्तिकै सफल हुन्छ । आख्यान भन्दैमा यथार्थबाट पर हुनुपर्छ भन्ने पनि हुँदैन बरू यथार्थलाई शिल्पको प्रयोग गरेर रोचक बनाएर प्रस्तुत गरिन्छ ।

कोइरालाको उपन्यास ‘उज्यालो औंसी’ म पात्रमार्फत समाजलाई दिन पर्ने सन्देश दिन र सामाजिक कुरीति, आफ्नो अभीष्ट पूरा गर्न अर्काविरुद्ध गरिने षडचन्त्र र अपराधविरूद्ध दह्रो झापड हान्न सफल भएको छ ।

सिंगो उपन्यास ‘उज्यालो औंसी’ म पात्रको वरिपरि घुमेको छ । म पात्रमार्फत उपन्यासकारले भ्रुणावस्थामै बुबाको हत्याको कारण र पृष्ठभूमिको वर्णन गर्न सफल छन । गर्भावस्थामै विभेदको सिकार भएकी उनलाई जन्मपछि सामाजिक कुरीति र विद्यमान विभेदपूर्ण व्यवहारको कारण भोग्नुपरेको विभेद, लाञ्छना र दोषबाट गाल्ने प्रयत्न गर्छ समाजले । त्यसबाट उनको मानसिक विकासमा परेको बाधा, उत्पन्न उद्दण्डता, उतारचढाव, उनको अनुभूति बुझिदिने विद्यालयमा यादव सर अनि विद्यालयमा पढाउने लालबहादुर सरको उनीप्रतिको सहानुभूतिपूर्ण व्यवहार जस्ता कुराहरू बडो रोचक ढंगले प्रस्तुत गरिएको छ ।

भ्रूणमै रहँदाको अवस्थामा बुबासँगको संवाद र सेतो घोडामा विचरण जस्ता स्वप्नचित्र (फ्यान्टासी)को प्रयोग सशक्त ढंगले गरिएको छ ।

एकातिर छोरीलाई सन्तान भन्दा बोझ सम्झने सामाजिक परिवेश अनि अर्कातर्फ उनी गर्भमा रहँदा बुबाको हत्या । बुबाको हत्याको पृष्ठभूमि राजनीतिक प्रतिशोध थियो कि रंगनाथको व्यक्तिगत दुष्मनी ? त्यसको उत्तर समग्र उपन्यासको अध्ययनपछि पनि अझै रहस्यकै विषय बनेको छ ।

नायिकाका पिता रघु एक समाजसेवी र गरिबहरूका विधाता थिए भन्ने कुरा धुनी ताप्ने क्रममा साहिँलीले गरेको वर्णन र नायिकाका काका माधवले सुनाएका रघु र रंगनाथबीच आसामी उठाउने क्रममा रंगनाथले गरेको हर्कतका विश्रुद्धको उनको अडान र व्यवहारको कथाले पुष्टि गर्छ । रंगनाथले असामीहरूप्रति गरेको निर्दयी व्यवहार देख्न खप्न नसकेका रघुले गरिब असामीहरूलाई गरेको उद्धार नै रघुको हत्याको कारण हुन सक्ने निचोड उपन्यासको कथाबाट निकाल्न सकिन्छ ।

सामन्ती प्रवृत्तिका व्यक्तिहरू व्यक्तिगत रिसइवी साध्न अमूक सशस्त्र दलमा जोडिने र आफ्नो बाटाका काँडा पन्छाउन आफ्ना विरोधीलाई सामन्तीको आरोप लगाएर सफाया गर्ने प्रवृत्तिलाई पनि उपन्यासले उजागर गरेको छ ।

म पात्र गर्भमा रहँदा नै पिताको हत्याको सम्पूर्ण रहस्य थाहा पाएको, काल्पनिकीलाई यथार्थ जस्तै वर्णन गर्न सक्नु उपन्यासको सशक्त पक्ष हो । यो उपन्यास पढिरहँदा इम्यान्युयल कान्टको वास्तविक वा बौद्धिक संसार (इन्टलिजिवल वर्ड)को अस्तित्वलाई उपन्यासमा सशक्त रूपमा प्रयो ग गरेको देख्न सकिन्छ । कान्टका अनुसार हाम्रा इन्द्रियले अनुभूत गर्ने संसार अर्थात फेनोमेनल वर्डदेखि बाहेक अर्को इन्टलिजिवल वर्ड वा विचारको



संसार पनि छ, जुन भौतिक संसारभन्दा बढी विश्वासयोग्य छ । त्यहाँ सत्य मात्र हुन्छ ।

कान्टको दर्शनमा जस्तै उपन्यासको म पात्रलाई पनि भौतिक संसारभन्दा काल्पनिक संसार वा बौद्धिक संसार बढी प्रिय लाग्छ । जब उनी आँखा चिम्लेर ध्यानमग्न हुन्छिन वा काल्पनिक संसारलाई नियाल्छिन, तब संसार उज्यालो देख्छिन । जब उनको ध्यान कसैले भंग गरिदिन्छ, उनी अस्वाभाविक व्यवहार देखाउन थाल्छिन ।

यो काल्पनिकीमा उनी रमाउनुको कारण सुरुमा उनलाई बाबुटोकुवीको लाञ्छना, बाबुको मायाको अभावपछि ध्यान गर्दा प्राप्त हुने तत्त्व ज्ञान र आनन्द हो भन्ने देखिन्छ ।

उनी जता जान्छिन, विभेद मात्र देखिन्छ । छोरो जस्तोसुकै भए पनि कुलको शान हुने, छोरीचाहिँ दु:खको भकारी । छोरीको जन्म नै पूर्वजन्मको पापले हुने जस्ता (पृष्ठ : ४१) कुराले उनलाई भाउन्न हुन्छ, जसले गर्दा उनमा दाजुप्रति इर्ष्या र रिस उठछ । पानीमा पौडिरहेको दाजुलाई मर्नेगरी ढुंगाले हिर्काउँछिन ।

उनले आँखा चिम्लेर प्राप्त गरेको अनुभूति सुनिदिने ३ जना पात्रहरू छन- यादव सर, आफ्नै आमा र कलेजमा नेपाली पढाउने लालबहादुर सर । यादव सरले उनका कुरा सुनिदिएर विज्ञानको रहस्य बुझाइदिएका कारण उनी आफू सत्य भएको आभास हुन्छ । आमाले आमा र बाबु दुवैको भूमिका निर्वाह गरेर हुर्काएको, उनका सयौं उटपटचाङ कामहरू सहेर गरेको सम्भार अनि कलेज पुगेपछि नेपाली सरले दर्शाएको माया उनको व्यक्तित्व विकासमा महत्त्वपूर्ण कडी हुन्छन ।

उपन्यासमा म पात्रले जीवनमा भोग्नुपरेका सास्ती, अवहेलना, विभेद र त्यसको कारण आएका उतारचढाव, संघर्ष र सफलताको कथा प्रस्तुत गरिएको छ । उपन्यासमा विज्ञानको चमत्कार र पूर्वीय वैदिक दर्शनका सृष्टि, आत्मा, परमात्मा, बन्धन र मोक्ष, भ्रम र ब्रह्म चिन्तनको फ्युजन छ ।

यादव सरले गरेको ब्रह्माण्डको वर्णन अनि उनले आँखा चिम्लेर देख्ने गरेको दृश्यका बीच तादात्म्य देखाउने प्रयास उपन्यासले गरेको छ । उनले आँखा चिम्लेर गरेको अनुभूति र देखेको दृश्य अरूलाई सुनाउँदा कसैले बुझिदिँदैन तर आमाले सुनिदिन्छिन । यसले उनमा आत्मविश्वास जगाउँछ ।

उनी आमालाई आफ्नो अनुभूति सुनाउँछिन र भन्छिन, ‘मैले आँखा बन्द गर्दा आकाशमा ताराहरूको संसार देखेको साँच्चै थियो, उज्यालोको रिङभित्र हराएको पनि सत्य थियो । उज्यालो सुरुङभित्र एकपछि अर्को अदभुत दृश्यहरूले मलाई तान्दै लगेको जम्मै कुरा सत्य हो आमा ! मैले झुटो बोलेको होइन । बनावटी त झन हुँदै होइन ।’

आमा साँच्चै महान हुन र हुन्छन । उपन्यासले आमाको सहनशीलता, धैर्य र सन्तानको भविष्यका लागि गरेका समर्पण अर्को महत्त्वपूर्ण पक्ष देखाउने प्रयत्न गरेको छ । उनको जीवन आमाकै कारण सार्थक बनेको, हरेक कार्यमा आमाको हौसला र प्रेरणा प्राप्त गरेको देखाइएको छ ।

‘अँध्यारो औंसी’ पिताप्रति समर्पित उपन्यास हो । पिताको हत्या, पितृ स्नेहबाट विमुख हुनुपरेको पीडा, त्यसले उनको परिवार र उनको चौतर्फी विकासमा परेको व्यवधान, पितृ स्नेहको अभावमा उनको बाल्यकालमा आएको उतारचढाव उपन्यासको हरेक अध्यायमा प्रतिबिम्बित भएका छन ।

पिताको हत्या गर्ने समूहले उनलाई सामन्तीको पगरी गुथाएर गरेको भन्ने देखिन्छ । तर, उनको व्यवहार गरिबमुखी र सामन्तविरोधी थियो भन्ने कुरा साहिँलीलगायत छरछिमेकीको भनाइ र स्वयं माधव काकाले सुनाएका अनुभूतिबाट उनी गरिबप्रेमी र दयालु स्वभावका थिए भन्ने देखिन्छ ।

क्रान्तिको नाममा गरिने निर्दोष र समाजसेवीको हत्या, आफ्ना विरोधीको सफाया गर्न फैलाएको अफवाहलाई चिर्ने प्रयत्न उपन्यासले गरेको छ । उपन्यासकारले यदि सामन्त भन्ने पदवी यस्तै दयालु र उदारमनालाई दिइने हो भने आफू पनि सामन्त बन्न चाहेको धारणा उपन्यासमा व्यक्त गर्छिन ।

उपन्यासको सबैभन्दा महत्त्वपूर्ण पाटो यसको दार्शनिक पक्ष हो । कान्टको अभौतिक वा चेतनाको संसार (इन्टलिजिवल वर्ल्ड)को परिकल्पनालाई उपन्यासले सशक्त रूपमा प्रस्तुत गर्न सकेको छ । भ्रुण, टुहुरी बालिका र एउटी पितृ वात्सल्यबाट बञ्चित किशोरीको मुखबाट मुखरित गर्न सक्नु उपन्यासकारको सफलता हो ।

उनी आफैंमा सक्षम र आत्मनिर्भर नहुँदासम्म उनका लागि यो भौतिक संसार अँध्यारो थियो । जब उनी आँखा चिम्लेर ध्यान र विचार गर्थिन, तब सारा अँध्यारोलाई उज्यालोले पराजित गर्थ्यो । सूर्य उनका लागि अँध्यारो तर आँखा चिम्लेपछि उज्यालो देखिने हुँदा उनका लागि औंसी उज्यालो हुनु स्वाभाविक हो । तसर्थ, ‘उज्यालो औंसी’ शीर्षक सार्थक छ ।

प्रस्तुत उपन्यास अनिता कोइरालाको पहिलो उपन्यास भएकाले सामान्य कमजोरी स्वाभाविक नै हुन । अखबारी लेखनमा जमेकी लेखिका अनिता कोइराला अब साहित्यमा पनि त्यसरी नै जम्न सकून । समाजले उनीबाट गर्न सक्ने अपेक्षा यही हो ।

## मुक्तक



कोपिला घिमिरे


ऊ फूल बनेर मेरै छेउमा झरोस, यो जरुरी छैन
मेरै भरमा परोस, मेरै पूजा गरोस, यो जरुरी छैन
कसैप्रति हरतरहले समर्पित हुनुको आनन्द बेग्लै छ
मैले प्रेम गर्छु भने उसले पनि गरोस, जरुरी छैन ।

कथा भएकै छैनन पूरा, देखाउन मिल्दैन
नभई पूरा आधा अधुरा, देखाउन मिल्दैन
जतिसम्म सक्छु लेखौंला बरु मसी बनाएर
विन्ती, नसोध मन दुखेको कुरा, देखाउन मिल्दैन ।

भित्ताका नि हुन्छन रे कान, बोल्नु हुँदैन
हुन्छ एक कान, दुई कान, मैदान, बोल्नु हुँदैन
नेताज्यूका विरुद्धमा धेरै भाषण नदिनुस है !
सुने भने कर लगाउलान, बोल्नु हुँदैन ।

अनौठो कहानी बन्नुभो हजुर त
यादै यादको खानी बन्नुभो हजुर त
एकैछिन नहेर्दा अन्धकार छाउने
यी आँखाका नानी बन्नुभो हजुर त ।

## गजल



नारायण नेपाल

म अब भर कसैको पर्न चाहन्नँ बिन्ती
जहर पनि नपाई मर्न चाहन्नँ बिन्ती

वरपर जन को छन, जान्न बाँकी रहेन
अभिनय नबुझेको गर्न चाहन्नँ बिन्ती

बगरबगर आशा रोपियो, त्यो फलेन
दिलसित भ्रम आफ्नै छर्न चाहन्नँ बिन्ती


जति छ मसँग आफ्नो त्यै सहारा छ काफी
लहर रहर पक्री तर्न चाहन्नँ बिन्ती

बरु तन पनि छोडी बाफझैं उडछु माथि
तर कर तल थापी झर्न चाहन्नँ बिन्ती !

पुस्तक परिचय

# आर्थिक विकासको मार्गचित्र पहिल्याउने पुस्तक

नेपाल जस्तो विकासशील राष्ट्रको आर्थिक विकासको स्पष्ट मार्गचित्र पहिल्याउने उद्देश्यले अर्थविद् शेरजंगबहादुर चन्दद्वारा लिखित पुस्तक ‘किज अफ हाउ टु डेभलप नेपाल’ सार्वजनिक भएको छ । इन्डिगो इन्कद्वारा प्रकाशित यो पुस्तक नेपाललाई आर्थिक समृद्धिको दिशामा अघि बढाउन आवश्यक रणनीति, नीति र उपायहरूमाथि प्रकाश पार्छ ।





नेपालको दिगो विकासका लागि पुस्तकले विभिन्न महत्त्वपूर्ण विषयहरू समेटेको छ । लेखक शेरजंगबहादुर चन्दले औद्योगिक प्रवर्द्धन, पर्यटन क्षेत्रको विस्तार, वैदेशिक लगानी आकर्षण, भौतिक संरचनाको विकास, संचार प्रविधिको सशक्तीकरण, शहरी तथा ग्रामीण क्षेत्रको सन्तुलित विकास योजना, शिक्षा प्रणाली सुधार, स्वास्थ्य क्षेत्रको सुदृढीकरण, प्रविधि तथा नवीनतम् आविष्कारहरूमा जोड, अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्ध विस्तार तथा अन्य राष्ट्रहरूबाट सिक्न सकिने पाठहरूलाई पुस्तकमा समावेश गरेका छन् ।

पुस्तकमा उद्योग र व्यापारको प्रवर्द्धन, नेपालमा साना तथा ठूला उद्योगको विकासका उपाय सरकारी तथा निजी क्षेत्रको सहकार्य, स्वदेशी उत्पादनको प्रवर्द्धन तथा निर्यात वृद्धिका उपाय, पर्यटन क्षेत्रको विकास, नेपाललाई प्रमुख पर्यटन गन्तव्य बनाउन सकिने रणनीति, पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धन नीति, स्थानीय समुदायको संलग्नता र फाइदा जस्ता विष्या छन् । यसरी नै वैदेशिक लगानीको आकर्षण, लगानीमैत्री नीति तथा कानुनी सुधार आवश्यकताहरू, नेपालमा प्रत्यक्ष विदेशी लगानी भित्र्याउने रणनीति, नेपालका सम्भावित क्षेत्रहरूमा लगानी अवसर, भौतिक संरचनाको विकास, सडक, रेल, विमानस्थल तथा ऊर्जा क्षेत्रको विकास, पूर्वाधार निर्माणमा सार्वजनिक-निजी साझेदारी (एएए) को भूमिका, प्रभावकारी नीति तथा कार्यान्वयन रणनीति, संचार तथा प्रविधि, डिजिटल नेपाल अभियान तथा प्रविधिमा लगानी, इन्टरनेट तथा दूरसंचार पूर्वाधारको विस्तारलगायत विषय समेटिएका छन् ।

यसैगरी अन्तर्राष्ट्रिय व्यापार सन्धिहरूको लाभ उठाउने रणनीति, अन्य राष्ट्रहरूबाट सिक्न सकिने पाठहरू, विश्वका सफल अर्थतन्त्रहरूको अध्ययन, दक्षिण कोरिया, सिंगापुर, चीन तथा अन्य राष्ट्रहरूबाट सिक्न सकिने नीतिहरू, नेपालका लागि उपयोगी उपायहरू पनि यसमा छन् । यो पुस्तक नीति निर्माताहरू, सरकारी अधिकारीहरू, निजी क्षेत्रका लगानीकर्ता, अनुसन्धानकर्ताहरू, विद्यार्थी तथा समग्र रूपमा नेपाललाई समृद्ध बनाउन चाहने सबै पाठकका लागि उपयोगी हुने टिप्पणीकर्ताहरूले बताएका छन् ।

# अमेरिकी समाजको चित्र

अमेरिका विश्वका अधिकांश मानिसहरूका लागि विविधतासहितको आकर्षणको देश हो । पुस्तक ‘डाइभर्सिटी एन्ड इमिग्रान्ट्स ड्रिम इन अमेरिका’ (विविधता र अमेरिका आप्रवासीहरूको सपना)ले अमेरिकामा शिक्षा, रोजगार, बसोबास, आप्रवासी कानुन, अध्यागमन, सफल आप्रवासी सामाजिकीकरण, अमेरिकामा आप्रवासीहरूले प्राप्त गर्ने अवसर र सुविधाहरूका बारेमा गहन चर्चा गर्ने प्रयास गरेको छ ।




यो पुस्तकको अध्ययनले अमेरिकी समाजमा आप्रवासीहरूका भाषिक र सांस्कृतिक मान्यताहरू र तिनका अभ्यासहरूको भिन्नतालाई जोड्नलाई ध्यान पुऱ्याउनुपर्ने कुराहरूलाई सहयोग गर्छ । अमेरिकी समाजको वास्तविक अवस्थाका बारेमा जानकारी दिनुका अतिरिक्त आप्रवासीहरू र अन्तर्राष्ट्रिय विद्यार्थीहरूको सामाजिक एकीकरण तथा समायोजनमा सहयोग गर्नुका साथै शिक्षाविद् र अनुसन्धानकर्ताहरूलाई पनि यो पुस्तक उपयोगी सामग्री बन्न सक्छ ।

जम्माजम्मी २४ वटा मुख्य अध्याय/शीर्षक र ८२ वटा उपशीर्षकहरू समेटिएको यस पुस्तकका लेखकद्वय कृष्ण कँडेल र आश्विन ढकाल हुन् । पुस्तकमा आप्रवासी सफल व्यवसायी तथा प्राज्ञिक व्यक्तिहरूको सफलताका कथाहरू पनि समावेश गरिएको छ । लेखक कँडेल नेब्रास्का नेप्लिज सोसाइटी अमेरिकाका पूर्वअध्यक्ष, एनआरएनए नेब्रास्का च्याप्टरका उपाध्यक्ष, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष एवं जय नेपाल अन्तर्राष्ट्रिय फाउन्डेसन नेब्रास्का च्याप्टरका अध्यक्ष तथा सोसल लिडर पनि हुन् ।

# जनसांस्कृतिक महासंघले गऱ्यो पूर्वअध्यक्षहरूलाई सम्मान



**काठमाडौं / मस-** जनसांस्कृतिक महासंघ, नेपालले आफ्नो ४३औं स्थापना दिवस तथा ३०औं जनयुद्ध दिवस मनाएको छ । स्थापना दिवस तथा जनयुद्ध दिवसको अवसरमा महासंघले बिहीबार आफ्ना पूर्वअध्यक्षहरूको सम्मान, कृति विमोचन तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो ।

सो अवसरमा कार्यक्रमकी प्रमुख अतिथि नेकपा माओवादी केन्द्रकी स्थायी समिति सदस्य एवम् पूर्वमन्त्री सत्या पहाडीले जनसांस्कृतिक महासंघका पूर्वअध्यक्षहरू ईश्वरचन्द्र ज्ञवाली, गणेश भण्डारी, सरल सहयात्री र मातृका पोखरेल लगायतलाई सम्मान गरिन् । कार्यक्रममा पहाडीले पार्टी र सांस्कृतिक मोर्चालाई जोड्नुपर्ने धारणा राख्दै जनयुद्धबाट प्राप्त उपलब्धिको रक्षा गरी समाजवादको बाटोमा हिँड्न जनतालाई संगठित गर्नुपर्ने बताइन् ।

सो अवसरमा रोल्पा जिल्लाका विषयवस्तुमा आधारित संयुक्त कवितासंग्रह 'कुइख्याङ'को विमोचन गरिएको थियो । उक्त संग्रहमा ५१ जना कविका कविता समेटिएका छन् । प्रगतिवादी साहित्यकार पारिजात संस्थापक अध्यक्ष रहेर २०३८सालमा जनसांस्कृतिक संघको स्थापना भएको थियो। यसपछि शक्ति लम्साल (अध्यक्ष- २०४१०, कृष्णसेन इच्छुक (अध्यक्ष-२०४६), मणि थापा (अध्यक्ष-२०६०) र डा. ऋषिराज बराल (संयोजक- २०६१), निनु चापागाईं (अध्यक्ष- इन्द्रेणी सांस्कृतिक समाज र प्रगतिशील सांस्कृतिक समाज), ईश्वरचन्द्र ज्ञवाली (२०६३), गणेश भण्डारी (२०७३), सीता शर्मा (कार्यवाहक अध्यक्ष- २०७३), सरल सहयात्री (२०७३) र मातृका पोखरेल (संयोजक- २०६९, अध्यक्ष- २०७८) थिए ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य,जनसांस्कृतिक महासंघका इन्चार्ज तथा पूर्वअध्यक्ष ईश्वरचन्द्र ज्ञवालीले जनयुद्धको समयमा सांस्कृतिक प्लाटुन निर्माण गरी सांस्कृतिक अभियान सञ्चालन गरेको इतिहासको स्मरण गर्दै समाजवादी संस्कृतिको बाटोमा अग्रसर हुनुपर्नेमा जोड दिए । माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा जनसांस्कृतिक महासंघका पूर्वअध्यक्ष मातृकाप्रसाद पोखरेलले पारिजात अध्यक्ष हुँदा संगठन छाडेर जाने व्यक्तिका बारेमा वैचारिक प्रतिवाद गरेको इतिहासको उजागर गर्दै सांस्कृतिक विचलनलाई गम्भीर समस्याका रूपमा चित्रण गरे ।

माओवादी केन्द्र बागमती प्रदेशका अध्यक्ष तथा महासंघका पूर्वअध्यक्ष सरल सहयात्रीले सांस्कृतिक आन्दोलनलाई फराकिलो बनाउन विद्यालय, विभिन्न उत्पादन र श्रमका क्षेत्रसम्म विस्तार गर्नुपर्ने धारणा राखे ।

माओवादी केन्द्र कर्णाली प्रदेश सदस्य तथा महासंघका पूर्वअध्यक्ष गणेश भण्डारीले समाजवादी संस्कृति निर्माणका लागि जनताका घरदैलोमा पुगेर सामूहिक संस्कृतिको आदर्शलाई स्थापित गर्नुपर्ने धारणा प्रस्तुत गरे ।

कार्यक्रम जनसांस्कृतिक महासंघ, नेपालका केन्द्रीय अध्यक्ष भीम कुमाखीको अध्यक्षतामा सम्पन्न भएको हो । कुमाखीले कार्यक्रम समापन भएको घोषणा गर्दै अब समाजवादी संस्कृति निर्माणमा एकजुट भएर लाग्नुपर्ने बताए । उनले पूर्वअध्यक्षहरूको सम्मान भनेको इतिहासको सम्मान रहेको धारणा राखे । महासंघका सचिवालय सदस्य तथा अखिल नेपाल लेखक संघका केन्द्रीय अध्यक्ष स्वप्निल स्मृतिले विमोचित कवितासंग्रह कुइख्याङ'को चिरफार गर्दै कविताले रोल्पा जिल्लाको यथार्थ तस्बिर उतारेको बताए । महासंघका केन्द्रीय उपाध्यक्ष डम्बर रोकायाले कार्यक्रममा स्वागत मन्तव्य राख्दै अग्रजहरूको सम्मान गर्नु नै इतिहासको स्मरण गर्नु रहेको बताए । महासंघका केन्द्रीय महासचिव केशव सिलवालले कार्यक्रम सञ्चालन गर्दै महासंघको इतिहास, योगदान र सम्मानित व्यक्तित्वका बारेमा प्रकाश पारेका थिए । कार्यक्रमको प्रारम्भमा पेरिसडाँडामा रहेको सहिद तथा बेपत्ता योद्धा स्मृति स्तम्भमा अबिर तथा माला अर्पण गरिएको थियो ।

# पुनर्स्थापना केन्द्रभित्र कुटपिट, १ जनाको मृत्यु




**काठमाडौं / मस-** बाराको कलैया उपमहानगरपालिका-१ भवानीपुरस्थित नव जन्म पुनर्स्थापना केन्द्रमा कुटपिट हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा कलैया उपमहानगरपालिका-९ का धिरेन्द्र भनिने प्रदिप प्रसाद मण्डल रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरीका अनुसार मण्डलको राति २ बजेतिर केन्द्रका अन्य व्यक्तिसँग वादविवाद पछि कुटाकुट भएको थियो । कुटपिटपछि घाइते भएका उनलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया लगिएकोमा चिकित्सकले मृत्यु घोषणा गरेका थिए ।

कुटपिटमा संलग्न अन्य ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । मृतक मण्डल सुधार केन्द्रमा १५ दिनअघि मात्रै भर्ना भएका थिए । उनको शव पोस्टमार्टमका लागि अस्पतालमै राखिएको प्रहरीले जनाएको छ ।

# कतारमा मनाइयो १४८औं लखन थापा स्मृति दिवस

**तिलु शर्मा पौडेल / मध्यान्ह**
दोहा, कतार, २ फागुन



कतारमा १४८औं लखन थापा मगर स्मृति दिवस मनाइएको छ । गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतार, नेपाल आदिवासी जनजाति महासंघ कतार र नेपाल मगर संघ शाखा कतारको संयुक्त आयोजनामा १४८औं प्रथम शहीद क्या. लखन थापा मगर स्मृति दिवस मनाइएको हो । कतारको अलत्तियामा अवस्थित फूलबारी रेस्टुरेन्टको सभाहलमा जनजाति महासंघका अध्यक्ष डिएन मगरको सभापतित्व तथा एनसीसी कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा दिवस मनाइएको हो । कार्यक्रममा निर्धारित समयभन्दा निकै ढिला गरी पुगेका कतारका लागी नेपाली राजदूत रमेश चन्द्र पौडेलको विशेष उपस्थिति रहेको थियो ।

दीप प्रज्वलन, लखन थापाको फोटोमा माल्यार्पण गर्दै अगाडि बढेको कार्यक्रममा कतारमा स्थापित न्यून संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिको उपस्थिति रहेको थियो । एक दर्जनभन्दा बढी वैचारिक र सयौं सामाजिकसहित विभिन्न संघसंस्था रहेको कतारको नेपाली समाजमा रहेका संघसंस्था प्रमुख तथा प्रतिनिधिको उपस्थिति नदेखिएकोप्रति वक्ताले कडा कटाक्ष गरे ।

उपस्थित पाहुना वक्ताहरूले स्मृति दिवसको अवसरमा शहीद लखन थापा मगरको इतिहास र योगदानको बारेमा चर्चा गर्दै लखन कुनै जात समुदायको मात्र नभइ राष्ट्रका शहीद भएको बताउँदै श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

वक्ताहरूले राष्ट्रिय महत्वका पर्व तथा स्मृति दिवसका लागि नेपाली दूतावासले हल उपलब्ध गराउने प्रचलन रहे पनि स्मृतिका लागी हल उपलब्ध नगराइ तानाशाही प्रवृत्ति देखाएको भन्दै राजदूतकै अगाडि कटाक्ष समेत गरेका थिए । सरकारले गरेको सरकारी बिदा कटौतीका बारेमा समेत वक्ताहरूले आवाज उठाएका थिए । आफ्नो शुभकामना मन्तव्य राख्दै राजदूत पौडेलले राणा शासनको सुख, सुविधासहित बिलासी जीवन बिताउनुको सट्टा शासनकै विरुद्ध लड्न नेपालमा पहिलो पटक सशक्त आन्दोलनको सुरु गरेका शहीद लखनको बारेमा लामै व्याख्या गरे । उनले लखनसहित सबैलाई झुन्डाएर हत्या गरिएको स्मरण गराउँदै सबै शहीदहरूप्रति श्रद्धा सुमन व्यक्त गरेका थिए ।

आफ्नो धारणा राख्ने क्रममा राजदूत पौडेलले हल उपलब्ध नगराइ दूतावास तानाशाही बनेको भन्ने वक्ताहरूको शब्दको खण्डन गर्दै दूतावाससँग सुविधायुक्त हल नभएको र राष्ट्रिय सम्मान प्राप्त गर्ने शहीद धेरै भएको हुँदा सबैले अलग-अलग स्मृति दिवस मनाउनका लागि हल माग्न आउँदा समस्या उत्पन्न हुन सक्नेतर्फ दूतावास सचेत रहेको बताए । पौडेलले कतारमा रहेका सबै नेपाली र संघसंस्थाहरुलाई दूतावासले समान व्यवहार गर्ने प्रतिबद्धता जनाए ।

आफ्नो मन्तव्य राख्ने क्रममा प्रमुख अतिथि भट्टले विभिन्न कालखण्डमा राष्ट्रका विभिन्न परिवर्तनका लागि आफ्नो प्राण आहुति दिने शहीदरूको सम्मानमा कम्तीमा एक दिन शहीद दिवस घोषणा गरेर एकमुष्ट शहीद दिवस मनाउन सके उत्तम हुने विचार राखे । उनले दूतावासमा राष्ट्रिय महत्वका बुद्ध जयन्ती, विश्वकर्मा पूजा, दशैंमा टीका जमरा ग्रहण जस्ता कार्यक्रम मात्र हुने गरेको इतिहासको स्मरण राजदूतलाई गराउँदै दूतावासमा भएको एक घटना र उक्त घटनाका पीडितले न्याय पनि नपाउँदा दूतावासले आफैं नेपाली समाजसँग दुरी बढाएको प्रष्ट पार्दै राष्ट्रिय महत्वका दिवसहरू मनाउन हल उपलब्ध गराइदिन एनआरएनएका तर्फबाट आग्रह गरे ।

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/११/३**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट तपसिलको आ.व. उत्पादन भई तपसिलमा उल्लेखीत घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**तपसिल**

| सि. नं. | सामुदायिक वनको नाम / ठेगाना | लिलाम विक्रि गरिने वन पैदावारको विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | त्रिशक्तिः वेताल सा.व.उ.स भागेश्वर ५ | सल्ला | ३५७ | ४५७९।३२ | बगरकोट रुपाल सडक |
| २ | वासवारी सा.व.उ.स प.न.पा ७ | साल | २३ | १७८।७२७ | प.न.पा ७, सादनि |


Reliable Life Insurance Ltd.
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.
ज्ञानेश्वर, काठमाण्डौ
फोन नं. ०१-४५२३६१८, ०१-४५२३६३०

## बीमालेख हराएको सूचना

यस कम्पनीबाट जारी भएका निम्नानुसारका बीमालेखहरु हराएको भनी बीमितहरुबाट प्रतिलिपि बीमालेखको लागि निवेदन प्राप्त भएका छन् । उक्त बीमालेख उपर हक दाबी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सबुत प्रमाण सहित यस कम्पनीको प्रधान कार्यालयमा दाबी विरोध दर्ता गर्नुहुन यो सूचना प्रकाशित भएको छ । उक्त मितिभित्र दाबी विरोध नपरेमा निवेदकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

| बीमालेख नं. | बीमित/प्रस्तावकको नाम | स्थायी ठेगाना | हराएको मिति |
|---|---|---|---|
| ८०९००००००५७५ | आएशा कापडी | गोदावरी - ०१, कैलाली | २०८१/०८/१९ |
| ४१३००००००१७५ | बिनयप्रसाद लामिछाने | बिदुर - ०९, नुवाकोट | २०८१/०९/१४ |
| १००००००००५६६७ | मुजाहिद उद्दिन मिया | काठमाडौं - २४ | २०८१/०९/०८ |
| ८०४००००००५०८ | वर्षा धरेल | काठमाडौं - ०८, काठमाडौं | २०८१/०९/०८ |
| ६०९००००००१९९ | पवित्रा बस्नेत | ठाकुरबाबा - ०३, बर्दिया | २०८१/०९/१७ |
| ६०३००००००१९२ | श्रीमती बुन्दु थापा | ठुलो लुम्पेक - ०७, गुल्मी | २०८१/१०/२२ |
| १००००००००४१४१ | श्याम कृष्ण खत्री | गुण्डु - ०४, भक्तपुर | २०८१/१०/१७ |
| ४११००००००७१९ | सुबर्णा धरेल | राप्ती - ०२, चितवन | २०८१/१०/२८ |
| ५०७०००००००२९५ | अंकिता श्रेष्ठ | शहिद लखन - ७, गोरखा | २०८१/१०/२८ |
| ५०७०००००००२९८ | अंकित श्रेष्ठ | शहिद लखन - ७, गोरखा | २०८१/१०/२८ |
| ६०६००००००६१३ | रबिन सुनार | मध्यबिन्दु - १६, नवलपरासी | २०८१/०४/२८ |
| ४१४००००००००१ | दिक्षित लामा | धनगढी - ९, सिराहा | २०८१/१०/१५ |
| ६०१००००००३९ | देवांश न्यौपाने | तिलोत्तमा - ०२ , रुपन्देही | २०८१/१०/०७ |
| ५१३००००००१६ | सुमन कुमारी सुनार | जैमिनी न.पा. - ०३, बाग्लुङ | २०८१/१०/३० |

# भ्रामक प्रचारप्रति एड्भान्स अस्पतालको ध्यानाकर्षण




**प्रदिप सिंह / मध्यान्ह**
लहान, २ फागुन

सिरहाको लहान नगरपालिका वडा नं. ३ स्थित लहान एड्भान्स अस्पतालप्रति केही भ्रामक सूचना फैलिएको भन्दै अस्पतालले आपत्ति जनाएको छ ।

अस्पतालका अध्यक्ष डा.वीरेन्द्र यादवले अहिले सामाजिक सञ्जालमा एक वर्ष पहिलेको भिडियोको माध्यमबाट केही व्यक्तिहरूले गलत उद्देश्यसहित प्रचार गरिरहेको बताए । उनले अस्पतालप्रति अनावश्यक भ्रम सिर्जना गर्न खोज्ने तत्वहरूलाई सचेत रहन आग्रह गरे ।

अस्पताल परिवारले सामाजिक सञ्जालमा फैलिरहेको जानकारी पूर्ण रूपमा निराधार रहेको जनाउँदै हाल अस्पतालमा कुनै अप्रिय घटना नभएको स्पष्ट पारेको छ । 'हामी निरन्तर गुणस्तरीय सेवा दिँदै आएका छौं । आर्थिक रूपमा कमजोर तथा पीडित बिरामीलाई विशेष प्राथमिकतासहित उपचार उपलब्ध गराइरहेका छौं,' अस्पताल व्यवस्थापन समितिले भनेको छ । लहान एड्भान्स अस्पतालले जनताको स्वास्थ्य सेवामा उच्च प्रतिबद्धता रहेको बताउँदै सत्यतथ्य बिना कुनै पनि गलत सूचना नफैलाउन सबैलाई आग्रह गरेको छ ।

**UAE मा रोजगार**
कम्पनी: ORO PRECIOUS METALS DMCC — शहर: UAE — पुन: विज्ञापन
पूर्व स्वीकृत मिति: २०८०/१२/०५ — चलानी नं.: ६०२१६८२४ — L.T. No.: 301671

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Goldsmith | 15 | 0 | स. काममा दक्ष | 1200 | ४५,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ फागुन १० गते (22 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**Saudi मा रोजगार** — Company : Al Othman Agri. Prod & Proc Co.
पूर्व स्वीकृति मिति: २०८१/११/०१ — चलानी नं.:६०२३२९८५ — LT No. 318878

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 10 | काममा दक्ष | 1800 | ६६,०००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Light Vehicle Driver | 10 | | 1500 | ५५,०००।- | | | | | | | |
| ३. | Packing Worker (Helper) | 5 | | 1000 | ३६,८००।- | | | | | | | |

अन्तरवार्ता २०८१ फागुन १० गते (22 Feb., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@merocvs.com/ info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

**Saudi मा रोजगार** — Antique Engravings Cafe For Drinks
पूर्व स्वीकृती मिति: २०८१/११/२ — चलानी नं. ६०२३३०४७ — LT No.: 318884

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 1 | 0 | काममा दक्ष | 1400 | ५१,५००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ फागुन १० गते (22 Feb., 2025) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७४१/०६४/०६५

**Saudi मा रोजगार** — Laftah Faras To Serve Drinks
पूर्व स्वीकृती मिति: २०८१/११/२ — चलानी नं.६०२३३०६२ — LT No.: 318857

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Food & Beverage | 2 | काममा दक्ष | 1300 | ४८,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८१ फागुन १० गते (22 Feb., 2024) यस प्रा. लि. को कार्यलय महालक्ष्मीस्थान, ललितपुरमा हुनेछ ।

Takura Overseas Pvt. Ltd.
Mahalaxmisthan-15, Lalitpur, Tel : 01-4529674, 4529675
Mob.No: 9802325537, Email: sd.takuraoverseas@gmail.com
Govt. Lic. No. : 1538/078/079

**MAURITIUS मा रोजगार**
कम्पनी : WINDOORS PROFESSIONAL LTD — शहर: Mauritius
पूर्व स्वीकृत मिति :२०८०/०३/१९ — चलानी नं.:६०२०४२२७ — L.T. No.: 288824 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MUR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Operator | 100 | 0 | स. काममा दक्ष | 14000 | ४१,६५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १० र ११ गते (22 & 23 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १५,५०० कामदारले |

युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com
श्रम इजाजत नं. ४४/०४९/०५०

**साउदीमा रोजगार**
कम्पनी: AL DAM AL MUHTARAF CO. Operation and Maintenance — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/११/०१ — चलानी नं.: ६०२३२९९६ — LT. No.: 318784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन १० गते (22 February 2025) मा हुनेछ ।

**युएईमा रोजगार**
कम्पनी: CHENOTH EMPLOYMENT-SOLE PROPRIETERSHIP L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०२/१६ — चलानी नं.: ६०२२०२१६ — LT. No.: 305448 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 115 | 0 | स. काममा दक्ष | 800 | ३०,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ फागुन ४ र ६ गते (16 to 18 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता चौधरी होटल एण्ड लज, सिद्धार्थनगर-४, भैरहवामा २०८१ फागुन ५ गते (17 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

Well Growing Recruitment (P.) Ltd.
House No. 536, Bansbari, Sallaghari Chakrapath, Kathmandu Nepal, Phone: 01-5916635
